# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पन्चेश्वर गाउँपालिका

## बैतडी





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पन्चेश्वर गाउँपालिका

## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## पन्चेश्वर गाउँपालिका

बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पन्चेश्वर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले पन्चेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ७८ लाख ७५ हजार बेरुजू देखिएको छ। सोमध्ये रु. ५० हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजूमा असुल गर्नुपर्ने रू. ६९ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ६० लाख ४ हजार र नियमित गर्नुपर्ने रु. ४८ लाख ९२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १४ करोड ९९ लाख ३७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड ७७ लाख ६२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

पन्चेश्वर गाउँपालिका, बैतडी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८६ | १११ | ५७८७५ | ० | १ | ५० | ८६ | ११० | ५७८२५ | ६९२९ | ४८९२ | ४६००४ | ० | ० | ५०८९६ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ५८ | क्यान्टिन सञ्चालन | ५०,००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पन्चेश्वर गाउँपालिका बैतडी | १४९९३७ | ० | ० | १४९९३७ | ० | ५७८२५ | २०७७६२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पन्चेश्वर गाउँपालिका, बैतडी , पन्चेश्वर गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Krishna Bahadur Bohara | २०७८-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Navraj Joshi | २०७८-१२-२१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५७,८२४,९४६.६९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,७५,९१,०४० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,१२,२०,००० | **चालु खर्च** | २५,२५,२६,४८४.६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,०८,४४,००० | **पूँजीगत खर्च** | ११,१७,३७,३०५.३९ |
| **राजश्व बाँडफाँट** | ६,६७,३०,८६७.५६ | **वित्तीय/अन्य व्यवस्था** | १२,११,४३,१७१ |
| **आन्तरिक आय** | ४७,५८,१५७.६६ | | |
| **अन्य आय** | १०,५०,९४,८९९.७६ | | |
| **कुल आय** | ४९,८६,४७,९२४.९८ | **कुल खर्च** | ४८,५४,०६,९६०.९९ |
| **बाँकी मौज्दात** | | ३,०८,३२,००३.७७ | |

| क्रम | भौचर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | नम्बर | | | |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १२०.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७६६ जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५।२८ मा व्यवस्थापनसँग छलफल भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>बढि पारिश्रमिक भुक्तानी रकम रु. ४५५८८।० महंगी भत्ता र स्थानीय भत्ता भुक्तानी रकम रु. ६११२१।० समेत रु. १०६७०९।० लेखापरीक्षणको क्रममा असुल भई पालिकाको आन्तरिक राजश्व खातामा जम्मा भएको छ । | |
| ४ | | | **वित्तीय विवरण परीक्षण** | |
| ४.१ | | | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरिक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि आर्थिक विवरणले सम्पूर्ण कारोबार एकिकृत विवरण प्रस्तुत गर्दैन ।<br>• पालिकाले यस आर्थिक वर्षमा रु.५१६२३८९६४।६२ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.९३६११८०८।० र गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फको रु.६५५०००।० समेत रु.९४२६६८०८।० सुत्रको म.ले.प. फाराम नं.२७२ मा समावेश भएको छैन। कार्यालयको सम्पूर्ण आर्थिक कारोबार फरक सफ्टवेयरको प्रयोगको कारण एकिकृत आर्थिक विवरणमा समावेश भएको पाइएन । एकै सफ्टवेयरको प्रयोग गर्ने तथा समग्र कारोबार समवेश हुने गरी एकीकृत आय व्यय निर्माण गर्नेतर्फ सम्बन्धित निकाय र पालिकाको ध्यान जानुपर्दछ ।<br><br>अतः तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>४.२</td><td></td><td></td>
<td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४०४९४४२४।५८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१७५९१०४०।० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२९०३३८४।५८ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td>
<td>२२,९०३,३८४</td>
</tr>
<tr>
<td>४.३</td><td></td><td></td>
<td>आय व्यय फरक परेको – पालिकाले आर्थिक वर्षको अन्त्यमा वार्षिक आम्दानि, खर्च तथा बाँकी मौज्दात देखिने गरी आय व्यय विवरण प्रमाणित गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको आय व्यय विवरण अनुसार गत वर्षको अ.ल्या. सहित रु.५१६२३८९६४।६२ आय देखिएकोमा बैंक मौज्दात तथा खर्च समेत रु.५१५८९८६३१।३१ व्यय देखिन्छ । आय तर्फ भन्दा व्यय तर्फ कम देखिएको रु.३४०३३३।३१ फरक पर्नाको कारण एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.</td>
<td>३४०,३३३</td>
</tr>
<tr>
<td>४.४</td><td></td><td></td>
<td>बैंक हिसाब मिलान नगरेको — स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्त्यमा देहायबमोजिम श्रेस्तामा भन्दा बैंकमा रु.२१०३०००।० मौज्दात बढी देखिन्छ । बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।
<table>
<tr><th>क सं</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार<br>२०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार<br>२०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td></td><td>आन्तरिक राजस्व खाता</td><td>112550</td><td>4758157.66</td><td>4645607.66</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १ | चालू खर्च खाता- विजोर वर्ष | 6593933.41 | 9699288 | 3105354.59 |
| २ | पूँजिगत खर्च खाता- विजोर वर्ष | 14634531.61 | 3992565.36 | -10641966.25 |
| ३ | विविध खर्च खाता | 3991473 | 4391855.8 | 400382.8 |
| ४ | स्थानीय तह धरौटी खाता | 2731037 | 5025241.5 | 2294204.5 |
| ५ | संचित कोष खाता | 0 | 1969637.52 | 1969637.52 |
| ६ | प्रकोप कोष खाता | 665478 | 669899 | 4421 |
| ७ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | 0 | 325358.93 | 325358.93 |
| | | 28729003.02 | 30832003.77 | 2103000.75 |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | | | **करकट्टी रकम बैंक दाखिला नभएको** – स्थानीय तहले विभिन्न भौचर तथा कार्यक्रममा कट्टी भएका रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ । तर म.ले.प. फाराम नं. २७२ अनुसार पालिकाको कट्टी रकम भुक्तानी/दाखिला गर्न रु.९४३५२६।० बाँकी देखिएकोले कुन प्रयोजनको रकम दाखिला गर्न बाँकी हो एकिन गरी दाखिला गर्नुपर्ने रु. | ९५३,५२६ |
| ४.६ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अवण्डा बजेट भनेर रकम विनियोजन नगरी मिलान कोषको रुपमा एकमुष्ट रु.१ करोड ८३ लाख ९१ हजार राखेको छ । उक्त कोषबाट कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट ५२ योजनामा रकम खर्च गरेको छ । एकमुष्ट एउटा शिर्षकमा बजेट विनियोजन गरी त्यसैलाई कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ६५९३९३३.४१, पुजीगत खर्च खातामा रु.१४६३४५३१.६१ समेत गरी रु.२१२२८४६५।०२ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी सामाग्री खरिद वितरणतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिइएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको स्थायी दरबन्दी रहेकोमा १४ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **बेरुजु लगतः** महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| ५.३ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५८४६९००० | ४४९६५७५० | 12.34 |
| २ | पूर्वाधार विकास | ६७८०९००० | ६४७८८५४७ | 17.78 |
| ३ | सामाजिक विकास | २०६००८००० | १७५६२६२२५ | 48.22 |
| ४ | बातावरण तथा विकास | ० | ० | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६६०४००० | ६१७१८१६ | 1.69 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९१२५९००० | ७२७११४२३.१५ | 19.97 |
| **जम्मा** | | ४३०१४९००० | ३६४२६३७६१ | 100 |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येसामाजिक विकासमा सबैभन्दा बढी ४८.२२ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ० प्रतिशत रहेको छ ।

६.२ **बजेट सीमा निर्धारण समिति**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **रकमान्तर** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन ।यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ७६ लाख ०१ हजार अर्थात कुल बजेट रू

५१ करोड ६२ लाख ३९ दहजारको १.४७ प्रतिशत रकमाान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृर्ति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन ।

६.४ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.५ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| चालु खर्चतर्फ | २५२५२६ | ५२९५५ | ४९१३२ | १५०४३८ | |
| पूँजिगत खर्चतर्फ | १११७३७ | ३०६४ | १७६८२ | ९०९९० | |
| जम्मा | ३६४२६३ | ५६०१९ | ६६८१४ | २४१४२८ | |
| प्रतिशत | १०० | १५.३८ | १८.३४ | ६६.२८ | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३६ करोड ४२ लाख ६३ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५ करोड ६० लाख १९ हजार अर्थात १५.३८ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड ६८ लाख १४ हजार, अर्थात१८.३४ प्रतिशत र तेश्रो चौमासिकमा रु. २४ करोड १४ लाख २८ हजार, अर्थात ६६.२८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा ६६.२८ प्रतिशत खर्च देखिनुले आर्थिक वर्षको अन्ततिर आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६.६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री विना भट्टराईले मिति २०७८।३।१० गते रु.४३ करोड ५ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।४।४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६.७ | | | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष अन्त्य भएको ७ दिनभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.९९७१४३३।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । त्यस्तै आर्थिक वर्ष २०७८।७९ को बजेटबाट २०७९।८० को लागि रु.१४०२४१८२।— भुक्तानी बाँकी रहेको विवरण उपलब्ध गराएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ६.८ | | | **खर्च बिश्लेषण:** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४७ लाख ५८ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३८ करोड ८७ लाख ९४ हजार समेत रु.३९ करोड ३५ लाख ५२ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२५ करोड २५ लाख २६ हजार र पूँजिगत तर्फ रु.११ करोड १७ लाख ३७ हजार समेत रु.३६ करोड ४२ लाख ६३ हजरखर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ५३४०००० खर्च भएको छ जुन आन्तरिक आयको ११२.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.३३ प्रतिशत चालु र ३०.६७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ७ | | | **यथार्थतामा आधारित बजेट नभएको**<br>गाउँसभाको मिति २०७८ माघ ७ को निर्णयबाट घाटा बजेट विनियोजन भएका योजनाको लागि श्रोत पुर्ति नभएको उल्लेख गरी ७८ योजनाको रु.४ करोड १९ लाख बराबरका ७८ योजना तथा कार्यक्रम सञ्चालन नगर्ने उल्लेख छ । बजेट तयार गर्दा नै स्रोतको सुनिश्चितता गरेर मात्र बजेट योजना तय गर्ने र प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **कानून र सञ्चालन स्थिति —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, २ वटा | |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावली, ११ कार्यविधि लगायत २१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ९ | | | **न्यायीक समिति —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा ५ वटै फस्योंट भएको विवरण पालिकाले पेश गरेको छ । | |
| १० | | | **खाना तथा विविध खर्च —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.११५९९१२।० खर्च गरेको छ । जुन आन्तरिक आय रु.४७५७१५७।६६ को २४।३८ प्रतिशत हुन्छ । विवध खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **कर्मचारी करार —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्षमा ३५० जनालाई रु.५०००।० देखि रु.१००००।० का दरले आर्थिक सहायता वितरण गरी रु.३५०००००।० खर्च लेखेको छ । जन आन्तरिक आम्दानीको रु.४७५८१५७।६६ को ७३।५६ प्रतिशत हुन्छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ स्थायी दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार —** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६८ जना कर्मचारीहरु करारमा राखि रु.२२३४४५६०।० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति -<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br>
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>६</td><td>६</td><td>१</td><td>५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>राजस्व आम्दानी र दाखिला<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसार श्रेस्तामा आम्दानी बाँधेको रकम रु. ५५२६४१।० देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार पालिकाको आन्तरिक राजस्व खाताको आन्तरिक आय रु. ४५५८१५७।६६ भएको देखिन्छ । यस सम्बन्धमा पालिकाको प्रतिक्रिया अनुसार कर्मचारी अभाव र अधिक समय लेखा शाखामा कर्मचारी अभाव रहेको कारण आम्दानी बाँध्न छुट भएको उल्लेख छ । पालिकालाई प्राप्त आम्दानी स्रोत सहित पालिकाको आन्तरिक राजस्व खातामा अनिवार्य रुपमा आम्दानी बाध्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रधानमन्त्रि रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजगारको तथ्याङ्क यकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमासडक मर्मत, सडक निर्माण, मन्दिर निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी २५० जनालाई समग्रमा २७५९ दिन र औषतमा १३.७९ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रु.१,२३,५९,५९९।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट,</td><td></td></tr>
</table>

बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः

| **वडा नं** | **कार्यक्रम/योजना संचालन** | **विनियोजित बजेट** | **जम्मा खर्च रकम** | **ज्यालामा भएको खर्च (सा.सु.कर १% काटेको रकम)** | **रोजगार संख्या** | **औषत रोजगारी दिन** |
|---|---|---|---|---|---|---|
| १ | चतुर्बाहु मन्दिरफिल्ड तथा पर्खाल निर्माण | २८८००० | २८७९७१ | २८५१२० | १३ | ३७ |
| १ | नौलो फिल्ड निर्माण र देवकोट देखि डुमन्वलागो बा निर्माण | ५५०००० | ५४७७४५ | ५४२३२२ | ११ | ८३ |
| १ | बन्नागडा गणदेब फिल्ड निर्माण, अडकट्टेकुलो निर्माण तथा सुर्तल देखि गडदेव बाटो निर्माण | ६५०००० | ६४७९३५ | ६४१५२० | १२ | ९० |
| १ | वडा कार्यालय फिल्ड निर्माण,रातामाटा सडक पर्खाल निर्माण तथा दुरमैदान फिल्ड निर्माण योजना | ४००००० | ३९५९६० | ३९२०४० | ११ | ६० |
| २ | कंगोरा देखि डिम्मर घाट सम्म घोरेटो बाटोनिर्माण योजना | ३००००० | २९९९७० | २९७००० | ५ | १०० |
| २ | सिमलखेत सिचाई कुलो मर्मत तथा निर्पालफिल्ड निर्माण योजना | ३००००० | २९८७७० | २९५८१२ | ६ | ८३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | देवथला मा वि बास्कुपिपल चौतारी सम्म घोरेटो बाटो निर्माण योजना | ३५०००० | ३४९८८४ | ३४६४२० | ६ | ९८ |
| २ | कोट गोराखला फिल्डनिर्माण तथा सिन्नोडा लमडाडा घोरेटो बाटो निर्माण | ३००००० | २९९९७० | २९७००० | ५ | १०० |
| २ | घडेला साल चौतारो निर्माण | २५०००० | २४८९७५ | २४६५१० | ५ | ८३ |
| २ | बल्सिमा सिउँडा सिचाई कुलो | ४०८५६३ | ३९०५६१ | ३८६६९४ | ७ | ९३ |
| २ | तल्लिगाड सिचाई कुलो तथा भर्कोटि आ बिफिल्ड निर्माण योजना | ३६०००० | ३५९९६४ | ३५६४०० | ६ | १०० |
| ३ | कैलपाल देखिपन्लाखण्ड सम्म बाटो तथा खलिगाड टोल बाटो निर्माण | ३६१००० | ३६११६४ | ३५७५८८ | ७ | ८६ |
| ३ | भाैरडा देखी बिध्यालय तथा सिद्ध मन्दिरफिल्ड निर्माण | ३६१००० | ३०९५६९ | ३०६५०४ | ६ | ८६ |
| ३ | सिद्धनाथ विद्धयालय फिल्ड निर्माण तथापाटनलेक बाटो निर्माण | ३६१००० | ३६११६४ | ३५७५८८ | ७ | ८६ |
| ३ | कुलाउ बजार जोड्ने सडक बाटो निर्माण | ३६१००० | ४१२७५९ | ४०८६७२ | ८ | ८६ |
| ४ | विधालय गेट निर्माण, सामुदायिक भवन शौचालय | ३००००० | २९९९७० | २९७००० | ५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा रौट्या मुल सुधार योजना | | | | | |
| ४ | घोरेटी देखि जोगमर सम्म सोइलिङ बाटो तथाभनेगडा देखि तोल्यासम्म सोइलिङ बाटो निर्माण योजना | ४२०००० | ४१९९५८ | ४१५८०० | ७ | १०० |
| ४ | सृजना आ वि देखि बगर सम्म सोइलिङ बाटोनिर्माण तथा रायपुर खेत सम्म बाटो निर्माण | ३५०००० | ३४९८८४ | ३४६४२० | ८ | ७३ |
| ४ | कनिना सोलिङ बाटो र रोडदेखि वडा खेडा सोलिङबाटो तथा मल्लागाउ सोलिङ बाटो तथा न्वालो मर्मत योजना | ४८०००० | ४७९९५२ | ४७५२०० | ८ | १०० |
| ४ | लेकै गाड देखि भुजनि सम्म बाटो निर्माण | ४००००० | ३९८९६० | ३९५०१० | ७ | ९५ |
| ४ | कणैगयर देखि गा पा सम्म सोइलिङ बाटोनिर्माण विनायक भर्कोटि बाटो मर्मत | ८००००० | ७९७९२० | ७९००२० | १४ | ९५ |
| ४ | वुङ्गा देखि विनायक सम्म बाटो निर्माण | १०२६००० | १०२५८९७ | १०१५७४० | १८ | ९५ |
| ४ | उदयदेव देखि फेउलीकटौल सम्म पिसिसि बाटो तथा | ४८०००० | ४७९९५२ | ४७५२०० | ८ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शैलोडा देखि तुस्यान्वला सम्म बाटो निर्माण | | | | | |
| ५ | बालर बासटो निर्माणयोजना | २३१००० | २३०९७७ | २२८६९० | ७ | ५५ |
| ५ | बदुरकोट सिचाई कुलो निर्माण योजना | २००००० | १७९९८२ | १७८२०० | ६ | ५० |
| ५ | देवथला दडताल बाटो निर्माण | ४००००० | ३९८३६० | ३९४४१६ | ८ | ८३ |
| ५ | डाडामाण्डौ पतौडा खानेपानि निर्माण | ३४२७३८ | ३४०१६६ | ३३६७९८ | ९ | ६३ |
| ५ | नेटा सार्किटोल पिसिसि बाटो निर्माण | २४०००० | २३९३७६ | २३७००६ | ७ | ५७ |
| ५ | नौघर देखि भण्डार सम्म पी सी सी बाटो निर्माण | २००००० | १९७९८० | १९६०२० | ५ | ६६ |
| ६ | मज्कट्टे देखिकालाफाट सम्म बाटो निर्माण | २३७००० | २३६९७६ | २३४६३० | ४ | ९९ |
| ६ | बाजाघर देखि दलित टोल सम्म बाटो निर्माण | २३७००० | २३६९७६ | २३४६३० | ५ | ७९ |
| ६ | देउडाखालि बाटो निर्माण | २३७००० | २३६९७६ | २३४६३० | ४ | ९९ |
| ६ | बचापानि देखि टिकटावर सम्म बाटो निर्माण | २६०००० | २३६९७६ | २३४६३० | ५ | ७९ |
| | जम्मा | १२४४१३०१ | १२३५९५९९ | १२२३७२३० | २५० | |

| | | | | |
|---|---|---|---|---|
| १७ | २७१ | २०७९-३-२३ | **किसान सुचिकरण कार्यक्रम**<br>किसान सुचिकरण कार्याक्रम कार्यान्वयन कार्यविधि, २०७७ को बुँदा २०(२) मा सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुविधामा सहजकर्ताहरुले प्रत्येक किसानको वैयक्तिक विवरण तथा कृषि तथ्यांक संकलन गरि सूचना प्रणालीमा प्रविष्टि गरेबापत प्रति स्थानीय तह कम्तिमा पनि घरधुरी | ४५,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | संख्या ३००१ वा सो भन्दा बढी भएकोमा प्रतिघरधुरी रु ७५ रुपैंयाका दरले पाउने उल्लेख छ । यस गाउँपालिकाको घर धुरि संख्या ३००१ भन्दा बढि रहेको जानकारी पालिकाका कर्मचारीहरुबाट प्राप्त भयो । कार्यविधिअनुसार गणकले प्रतिघरधुरी रु ७५ मात्र प्राप्त गर्न सक्ने देखिन्छ । पालिकाले उक्त कार्यका लागि ८ जनालाई रु १५०।— का दरले ६०० घर धुरी किसानको सुचिकरण प्रविष्टि गरेबापत रु ९००००।— भुक्तानि गरेको पाइयो । किसान सुचिकरण गरेको विवरण विद्युतीय प्रणालिमा प्रविष्टि गरेको प्रमण पेश गरि कार्यवीधले तोकेको भन्दा बढि दरले बुझाएको ६०० घरधुरी को रु ७५ का दरले हुन आउने रु ४५०००।० सम्बन्धितबाट असुल हुनुपर्ने रु | |

| क्र.सं. | नाम | संकलन भएको घरधुरी | बढिदर रु | बढि भुक्तानि रु |
|---|---|---|---|---|
| १. | प्रकाश साउद | २५ | ७५ | १८७५ |
| २. | विसन साउद | १०० | ७५ | ७५०० |
| ३. | विमल चन्द | १०० | ७५ | ७५०० |
| ४. | मदन दत्त तिवारी | ५० | ७५ | ११२५० |
| ५. | भोजराज भट्ट | १०० | ७५ | ७५०० |
| ६. | दिपेन्द्र चन्द | १०० | ७५ | ७५०० |
| ७. | सुनिता भट्ट | २५ | ७५ | १८७५ |
| ८. | मोहन धामि | १०० | ७५ | ७५०० |
| | **जम्मा** | **६००** | **७५** | **४५०००** |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **विपन्न लक्षित छात्रवृत्ति**<br>संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ को उपदफा २(ङ) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नितिबनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने गरी बनाउनुपर्ने उल्लेख छभ ।संविधान अनुसार माध्यामिक विद्यालयको संचालन र व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने हुनाले केन्द्रले सामुदायिक विद्यालयहरुलाई अनुदान उपलब्ध गराउँदा सकभर स्थानिय निकाय मार्फत निकासा दिदा उपयुक्त हुने देखिन्छ । कक्षा ९ देखि १२ मा अध्ययनरत विपन्न विद्यार्थीहरुलाई रु २१,००,०००। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नै विद्यार्थी छनौट गरी विद्यार्थीको IEMIS मा प्रविष्टि भएका विद्यार्थीहरुको नामावली पठाउने र सोही नामावलीमा समावेश भएको खाता नम्बरमा सम्बन्धित स्थानीय तहले रकम जम्मा गर्ने गरेको देखिन्छ । स्थानीय तहबाट नभई सोझै अनुदान उपलब्ध गराउँदा वास्तविक लाभग्राहिले नपाउने जोखिम रहन्छ । यसमा सुधार हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **प्रशिक्षकलाई गाडिभाडा**<br>नेपाल सरकार कार्यसञ्चालन निर्देशिका, २०७५ को ७.१.१५ को तालिमा केन्द्र बाहेकका स्थानबाट सञ्चालित तालिमका लागि सहायक स्तर वा अन्य तालिमका लागि गाउँपालिका स्तरका लागि प्रशिक्षकले प्रति सेसन कार्यपत्र बापत रु ७००।— र कक्षा सञ्चालन बापत रु ६००।— गरि प्रति सेसन रु १३००।— पाउने र एउटा कक्षा कम्तिमा १घण्टा ३० मिनेटको हनुपर्ने र कार्यपत्र कम्तिमा ७०० शब्दको हुनुपर्ने तोकिएको छ । यस पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित तालिममा देखिएका व्यहोराहरु निम्न छन् । | |
| १९.१ | १४<br>१ | २०७<br>९-१-<br>८ | **क)** २०७८।११।१५ देखि २०७९।१।५ सम्म सञ्चालित तालिमका लागि तालिमका प्रशिक्षक **सुनहरी खत्रिलाई** प्रत्येक तालिम कार्यक्रमको दैनिक ६ घण्टाको दरले मासिक ३००००।० का दरले १।५ महिना र आउदा २ दिन र जाँदा १ दिनको रु १२००।— का दरले हुन आउने ३६००।० दिने गरि २०७८।११।१५ मा सम्झौता भएको छ। उक्त सम्झौता बमोजिम निजले कुल रु ४८६००।० पाउने देखिन्छ, तर यस पालिकाले निज प्रशिक्षकलाई गाडि भाडा बापत थप रु ३०००।० भुक्तानि दिएको देखिन्छ । तर यस पालिकाले निज प्रशिक्षकलाई गाडिभाडा बापत रु १५००।० का दरले २ दिनको रु ३०००।० भुक्तानि दिएको पाइयो । सम्झौता भन्दा बढि भुक्तानि भएको रु ३०००।० सम्बन्धितबाट असुल हुनुपर्ने रु ३०००।० | ३,००० |
| १९.२ | १४<br>१ | २०७<br>९-१-<br>८ | **ख)** २०७८।११।१५ मा श्री जनक राम लुहार सँग २०७८।११।१५ देखि २०७९।१।५ सम्म हाउस वाइरिङ्ग तालिमको प्रशिक्षणका लागि मासिक रु ३०,०००।० का दरले दैनिक ६ घण्टा प्रशिक्षण गर्ने गरि ४५ दिनको रु ४५०००।० र भाँडा आउदा २ दिन र जाँदा १ दिनको रु १२००।— का दरले ३ दिनको रु ३६००।० गरि जम्मा रु ४८६००।— भुक्तानि दिने सम्झौता भएको देखिन्छ । तर यस पालिकाले निज प्रशिक्षकलाई गाडिभाडा बापत रु १५००।० का दरले २ दिनको रु ३०००।० भुक्तानि दिएको पाइयो । सम्झौता भन्दा बढि भुक्तानि भएको रु ३०००।० सम्बन्धितबाट असुल हुनुपर्ने रु | ३,००० |
| २० | २७<br>६ | २०७<br>९-३-<br>२६ | **बाल श्रम मुक्त कार्यक्रम**<br>श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बाट बाल श्रम मुक्त गाँउपालिका घोषणा गर्नका लागि यस गाउँपालिकालाई रु २,९७,६४२।— प्रास भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि २०७९।३।२३ गते सम्पन्न गर्नेगरी ग्रामिण विकास सेवा केन्द्र, बैतडी र यस गाउँपालिका बिच २०७९।३।१२ गते सम्झौता भएको पाइयो । उक्त सम्झौताको बुँदा नं ५ मा कार्यक्रम संचालनमा संस्थाले गर्नुपर्ने क्रियाकलापहरुको सुचि तोकिएको छ । उक्त सुचिमा बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण गर्ने, सरोकारवालहरुको सुचीकरण र नक्सांकन गर्ने, बाल अधिकार तथा अन्य अभियानका कार्यक्रम संचालन गर्ने, स्थानीय तहसितको अभिमुखिकरण संचालन गर्ने, कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने र कार्यक्रमको प्रतिवेदन स्थानीय तहका पेश गर्ने जस्ता रहेका छन् । यस पालिकाले उक्त कार्य सम्पन्न भएको भनि ग्रामिण विकास केन्द्रलाई रु २,९३, ६९१।— भुक्तानि गरेको पाइयो । उक्त संस्थाले भुक्तानिको लागि कार्यसम्पन्न भएको भनि पेश गरेको कागजात परिक्षण गर्दा सम्झौतामा उल्लेख गरिएको कुनै पनि कार्य भएको देखिदैन । उक्त संस्थाले सम्झौता बमोजिमको कार्य गरेको प्रमाणित हुने कागजात सहित प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु २,९३,६९१।— | २९३,६९१ |

| | | | | |
|---|---|---|---|---|
| २१ | २८ ९ | २०७ ९-३-२५ | **बढी भुक्तानि**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र तत्पश्चात सम्बन्धित निकायले नियम ९७(११) बमोजिम वास्तविक कार्यकोको नापजाँच गरी खर्चको विवरण तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ। वडा नं १,२,३ र ४ का सडक मर्मत उपभोक्ता समितिले उक्त कार्य भए भनि श्री भूमिराज समैजी निर्माण सेवाको रु १४,७६,५४२।— को मु अ कर विजक जारी गरेको र कार्यालयले उक्त आयोजनाको रकम भुक्तानि दिदा निर्माण व्यवसायिलाई नै दिएको देखिन्छ । निर्माण व्यवसायिलाई भुक्तानि दिदा नियमानुसार मु.अ.कर, अग्रिम आयकर र धरौटी कट्टि गरि रु १३,४०,६४८।— भुक्तानि हुनुपर्नेमा रु १३,७१,७०८।— भुक्तानि भएकाले बढि भुक्तानि भएको रु ३१,०५९।— सम्बन्धित निर्माण व्यवसायिबाट असुल हुनुपर्ने रु | ३१,०५९ |
| २२ | | | **सब कन्ट्राक्टरबाट कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट वडा नं १,२,३ र ४ को सडक मर्मतका लागि रु १५,००,०००।- उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उक्त उपभोक्ता समितिले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीको प्रक्रिया पूरा गरी नियमित गर्नु पर्ने रु | |

| क स | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम |
|---|---|---|---|---|
| १ | वडा नं १,२,३ र ४ सडक मर्मत सम्भार उ स | १५,००,००० | भूमिराज समैजी निर्माण सेवा | १४७६५४२ |
| | **जम्मा** | **१५,००,०००** | | |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **कोभिड राहत** | |

<table>
<tr><td></td><td></td><td></td><td>कोभिड १९ महामारी प्रभावित अति विपन्न परिवारलाई नगर हस्तान्तरण कार्यविधि, २०७८ ले कोभिडका कारण आय गुमाएका अति विपन्न परिवारलाई प्रति परिवार रु १०,०००।० का दरले नगद वितरण गर्न यस पालिकालाई रु ४४,१०,०००।०शसर्त तर्फ रकम प्राप्त भएको छ। उक्त रकम खर्च गर्दा कोभिडका कारण रोजगारी गुमाउन पुगेका असंगठित क्षेत्रका मजदुरहरु, फुटपाथमा व्यापार गर्ने साना व्यवसायिहरु, कोभिडका कारण परिवारका निमित्त कमाई गर्ने घरमुलिको मृत्यु भएका परिवार लगायत कोभिड १९ का कारण प्रत्यक्ष असर परेका परिवारलाई उपलब्ध गराउनुपर्ने र उक्त रकम बुझ्ने परिवारको कुनै पनि सदस्य स्वदेशि वा विदेशि स्थाई नोकरिमा संलग्न नभएको हुनुपर्ने, पेन्सन प्राप्त गर्ने व्यक्तिको परिवार र कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको परिरवारलाई वितरण गर्न नहुने उल्लेख छ । यस पालिकाले उक्त रकम वितरण गर्दा वडा स्तरबाट सिफारिस भएका नामका आधारमा प्रति परिवार रु १००००।० का दरले ४८४ परिवारलाई उक्त रकम वितरण गरेको छ । यस नगरपालिकाले गरिब घर परिवारको लगत संकलन नगरेको, नगरपालिकाले गरिव पहिचानको लागि कुनै मापदण्ड तयार गरेको नदेखिनाले, वितरण भएको रकम वास्तविक लाभग्राहिले प्राप्त गरेको प्रति आश्वस्थ हुन सकिएन । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>पोषण संयोजक पारिश्रमिक<br>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले पोषण कार्यक्रमका लागि नियुक्त कर्मचारीको पारिश्रमिक सशर्त तर्फबाट मासिक रु २००००।— र गाउँपालिकाले थप १०६१०।— गरि मासिक रु ३०६१०।— भुक्तानी भएको पाइयो ।यस पालिकाले सशर्त तर्फको बजेटबाटगाउँपालिकाबाट भुक्तानि गर्नुपर्ने रकम अपुग भएको कारण सशर्तबाट नै भुक्तानि भएको देखिन्छ । यसरी सशर्त तर्फबाट भुक्तानि भएको मासिक १०६१०।— का दरले हुन आउने रकम रु १२७३२०।— नियमित गर्नुपर्ने रु</td><td>१२७,३२०</td></tr>
<tr><td>२५</td><td>९२</td><td>२०७८-१२-७</td><td>सञ्चार खर्च<br>संघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले स्वास्थ्य तर्फका कर्मचारीहरुलाई सञ्चार खर्च बापत रु ३४६०००।— भुक्तानि दिएको देखिन्छ । मागर्दशर्न विपरित निम्न कर्मचारीहरुलाई भुक्तानि दिएको रकम अनियमित देखिएको रु
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>दर</th><th>महिना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>राम सागर साह</td><td>२०००।०</td><td>९</td><td>१८०००।०</td></tr>
<tr><td>२.</td><td>कर्ण बहादुर विष्ट</td><td>२०००।०</td><td>२</td><td>४०००।०</td></tr>
<tr><td>३.</td><td>सुमन औजि</td><td>७००।०</td><td>९</td><td>६३००।०</td></tr>
</table></td><td>३४,६००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४.</td><td>नारायण राम सार्कि</td><td>७००।०</td><td>९</td><td>६३००।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३४६००।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम<br>दिवा खाजा सम्बन्धमा देखिएका व्यहोराहरु निम्न उल्लेखित रहेका छन्</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>दिवा खाजा बापतको रकम निकासाका लागि विद्यालयहरुले विद्यार्थीको प्रमाणित हाजिरी पेश गर्नुपर्ने र प्रमाणित हाजिरिका आधारमा विद्यालयको खातामा दिवा खाजा बापतको रकम निकासा गर्ने व्यवस्था छ । यस पालिकाको केहि विद्यालयहरुले बर्षभरिमा एक दिन पनि कुनै पनि विद्यार्थी अनुपस्थित नभएको हाजिरी पेश गरि दिवा खाजाको भुक्तानि लिएको देखिन्छ । विद्यालयको कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरु १ दिन पनि अनुपस्थित नभएको विवरण विश्वसनिय नभएकाले यस सम्बन्धमा अनुगमन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७८।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहद र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिको दिवा खजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । नगरपालिकाबाट शसर्त अनुदानबाट कुल ४६ विद्यालयका लागि दिवा खाजा बापत रु ८३,६२,८०८।० चौमासिक रुपमा विद्यालयको खातामा विद्यार्थी हाजिरिका आधारमा रकम निकासा गरेको पाइयो । यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिक युक्त खाने कुरा पाए नपाएको सम्बन्धमा अनुगमन हुने गरेको देखिदैन । यसमा अनुगमन गरी वितरित रकमको उच्चतम सदुपयोगको सुनिश्चितता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>शिक्षकको तलबि प्रतिवेदन<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका को खण्ड २ मा स्थायी शिक्षकहरूको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत विद्यालय शिक्षक कितावखानावाट पारित गराई सो प्रतिवेदनका आधारमा तलव भुक्तानी दिने व्यवस्था रहेको छ। तर पालिकाले आ.व. २०७८।७९ मा तलवी प्रतिवेदन पारित नगराई ३५ विद्यालयका स्थाई, अस्थाई र राहत तर्फका शिक्षकहरूलाई जम्मा रू ७,१६,३९,७१०। भुक्तानी भएको छ। तलवी प्रतिवेदन पारित गराएर मात्रै तलव भत्ता भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>प्राविधिक शिक्षा छात्रवृत्ति</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>यस गाउँपालिकाले गाउँकार्यपालिकिय निर्णयबाट प्राविधिक विषय अध्यनरत गाउँपालिकाको स्थायि बासिन्दा गरीव, दलित, विपन्न अपाङ्ग र जेहेन्दार छात्रछात्राहरलाई सम्बन्धित वडा कार्यालय तथा अध्ययनरत विद्यालयबाट सिफारिस भएका विद्यार्थीहरुलाई जनही रु ४००००।— का दरले २४ जना विद्यार्थीहरुलाई छात्रावृत्ति बापतको रकम वितरण गरेको पाइयो सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् ।</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २(९) अनुसार सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्न सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यतो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले सशर्त तर्फको कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि उपलब्ध गराएको छात्रवृत्ति शिर्षकबाट रु २,९८,०००।— र शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रले विपन्न लक्षित कक्षा ९ देखि १२ सम्मका छात्रछात्राहरुलाई निकासा पठाएको रकमबाट ९०,२००।० गरि रु ३,२०,०००।— सशर्तको रकम गाउँ कार्यपालिकाको निर्णण बमोजिम खर्च गरेको अनियमित देखिएको रु ३,२०,०००।—</td><td>३२०,०००</td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९(५) मा स्थानीय तहले सञ्चित कोषको रकम खर्च गर्दा कानून बनाएर खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले विभिन्न मितिमा वडाको सिफारिसका आधारमा प्राविधिक शिक्षा छात्रावृत्ति कार्यक्रमबाट पालिका बाहिर विभिन्न विश्विवद्यालय तथा प्राविधिक धारका विषयहरु पठनपाठनहुने शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुलाई वडा र सम्बन्धित विद्यार्थी अध्ययनरत विद्यालयको सिफारिसका आधारमा प्रति विद्यार्थी रु ४०,०००।— का दरले २४ जनालाई भुक्तानि दिन गाउँपालिका शिक्षा तर्फ विनियोजित बजेटबाट रु ६,००,०००।— र बाँकि रकम सशर्तबाट भुक्तानि गरेको पाइयो । कानून बमोजिम अनुदान वितरणका लागि कार्यविध नबनाइ खर्च गर्दा कार्यालयको आर्थिक भार बढ्न सक्ने र लक्षित वर्गले उक्त रकम प्राप्त गर्न नसक्ने जोखिम रहने हुनाले यस्ता कार्य नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठि, सेमिनार, कार्यशाला जस्ता कार्यक्रमका सम्पन्न भइ सकेपछि त्यस्तो कार्यक्रमका भएको खर्च खरिद गरेको मालसामानको विल, भरपाई सहित कार्यक्रममा उपस्थित तथा लाभान्वित व्यक्तिको संख्या सहित उपस्थित समेत समावेश गरि प्रतिवेदन तयार गरि अधिकार प्राप्त अधिकारी बाट स्विकृत गराउनुपर्ने उल्लेख छ । यस पालिकाबाट सञ्चालित देहाएबमोजिमका तालिमको कुनै प्रतिवेदन तयार भएको पाइएन । नियमावलीको पालना गरि कार्यक्रम सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जान आवश्यक छ ।
<table>
<tr><th>भौ.नं.।मिति</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानि रकम</th></tr>
<tr><td rowspan="2">१००।२०७८।१२।१८</td><td>स्वास्थ्यकर्मि स्तारिय वृहत पोषण तालिम</td><td>६,००,०००</td></tr>
<tr><td>महिला स्वास्थ्य स्वयंसेविका स्तरिय पोषण तालिम</td><td>१,७१,०००</td></tr>
<tr><td>१०२।२०७८।१२।१८</td><td>स्वास्थ्य सम्बन्धि अभिमुखिकरण तथा विद्यालय स्क्रिनिक कार्यक्रम</td><td>१,२२,०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२।२०७९।१।८</td><td>बेमौसमि तरकारी खेती र मौरी पालन तालिम</td><td>१,९६,३७०</td></tr>
<tr><td>१५८।२०७९।२।३०</td><td>प्रविधि हस्तान्तरण</td><td>१,३९,२२०</td></tr>
<tr><td>१६१।२०७९।२।३१</td><td>प्रविधि हस्तान्तरण</td><td>१,०९,२१५</td></tr>
<tr><td>१९९।२०७९।३।१६</td><td>पोषण विशेष कार्यक्रम</td><td>२,८८,०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१६,२५,८०५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
पारिश्रमिक कर<br>
आयकर नियमावली २०५९ को नियम ३१ मा कर्मचारीको वार्षिक रुपमा प्राप्त हुने रोजगारी आयमा लाग्ने करको दामासाहीको हिसावमा मासिक रुपमा अग्रिम कर कट्टि गर्नु पर्ने व्यवस्था छ । आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारीश्रमिक भुक्तानी गर्नुपर्नेमा कार्यालयले निम्नानुसार कर्मचारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिकमा अग्रिम कर कट्टा गर्दा घटी कट्टा गरिएकोले नपुग कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>पद</th><th>कर्मचारीको नाम</th><th>वार्षिक तलब</th><th>स्थानिय भत्ता</th><th>जम्मा आय कट्टी रकम बाहेक</th><th>छुट रकम</th><th>करयोग्य आय</th><th>जम्मा कर</th><th>तिरेको कर</th><th>बाँकी कर</th></tr>
<tr><td>रोजगार संयोजक</td><td>सन्ध्या जोशि</td><td>३७९९००</td><td>३९४०</td><td>५४११५०</td><td>३००००</td><td>६११५०</td><td>६११५</td><td>०</td><td>६११५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>६११५।०</td></tr>
</table>
</td><td>६,११५</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
राष्ट्रपति शैक्षिक सुधार<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।त्यस्तैशिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री
</td><td>११,४५०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>खरीद गर्ने लगायतका विषय लगायतका व्यहोरा खुलाउनु पर्ने व्यबस्था छ । बिद्यालय पूर्वाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेखे कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सबै सक्कल प्रमाण कागजात पेश हुनुपर्दछ रु.
<table>
<tr><th>सिं.नं.</th><th>विद्यालयको नाम</th><th>पालिकाबाट छनौट/राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गडदेव आ.वि.</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>२</td><td>टाक तिलकपुर मा.वि.</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</td><td>२ कोठे भवन</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>नागार्चन मा.वि.</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</td><td>४ कोठे भवन</td><td>३६०००००</td></tr>
<tr><td>४</td><td>डुग्रीखान मा.वि.</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</td><td>ICT</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>केदार आ.वि. केलेकडा</td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट</td><td>२ कोठे</td><td>१८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>११४५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td>४६</td><td>२०७९-३-२३</td><td>झोलुङ्गेपुल कार्यक्रम<br><br>झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ को परिच्छेद ९ को बुँदा नमं ९७ मा झोलूङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमको लागि सरोकारवालहरुको कूल लागतमा (लट्ठा र बुलडग ग्रिस समेत) नेपाल सरकार क्षेत्रगत कार्यक्रमको ९२ प्रतिशत, सम्बन्धित गाउँपालिकाको ६ प्रतिशत र समुदायको योगदान बढीमा २ प्रतिशत गरी १०० प्रतिशत लागत व्यहोर्नु पर्ने व्यवस्था छ । पालिका र झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति बिच रु २७,२०,५१७.३५ लागत अनुमान रहेको उक्त योजना को २०७८।५।२३ मा सम्झौता भएको देखिन्छ । उक्त निर्देशिकामा कुनै पनि गैरसरकारी संस्थालाई रकम उपलब्ध गराउने कुरा उल्लेख भएको पाइएन । साथै गाउँपालिका र त्रिवेणी स्वस्थ बातावरण समुह बिचको सम्झौतामा पनि उक्त संस्थालाई रकम उपलब्ध गराउने उल्लेख छैन । यस पालिकाले त्रिविणि स्वस्थ वातावरण समुह नामक गैर सरकरी संस्थालाई ६ प्रतिशत रकम बापत भनि रु ३,७८,२७८।— भुक्तानि दिएको छ । उक्त ६ प्रतिशत के बापत हो र उक्त ६ प्रतिशत रकम कुन रकमको हो स्पष्ट नभएकाले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु</td><td>३७८,२७८</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>मु अ कर समायोजन</td><td>२५,८८४</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची-५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले लघु उद्यम विकास कार्यक्रमका लागि मेशिन खरिद बापत नयना ट्रेड कन्सर्न, पुनर्वास, कञ्चनपुरकबाट रु २,२५,०००।-मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी नगरेको अर्थात कर बिजक हातले लेखेको पाइयो । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु. | |
| ३४ | | | **खरिदमा न्यून प्रतिस्पर्धा**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफ २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारवाही नहुने तथा दफा ८ र ९ मा सार्वजनिक निकायले सम्भव भए सम्म खुल्ला रुपमा बोलपत्र आहवान गर्नु पर्ने र प्रतिस्पर्धा सीमित हुने गरी कुनै काम गर्न नहुने तथा ऐनको दफा ६२ (२)च मा बोलपत्रदाताहरुले खरिद सम्बन्धी काम बाँडफाड गर्ने वा अन्य कुनै पनि तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बन्चित गर्ने उद्देश्यले बोलपत्र पेश गर्नु अघि वा पछी मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था छ । कार्यालयबाट भएको कक्षा कोठा व्यवस्थापन सम्बन्धि २०७८।८।२२ मा प्रकाशित लागत रु ३५,७०,०२०.५२ को ठेक्कामा ३ जना आवेदकहरु क्रमशः गंगेश्वर काष्ठ फर्निचर उद्योग, लछिमन सप्लायर्स र शिखर ट्रेड एण्ड सप्लायर्स को क्रमश रु.३५६८०६००।-, रु ३५,६९२००।— र रु ३५,७५,१९५।— (मु अ कर बाहेक) मध्येबाट गंगेश्वर काष्ठ उद्योगलाई छनौट गरिएको निर्णय खरिद समितिले गरेको पाइयो । आवेदनहरुको तुलनात्मक अध्ययन गर्दा दुइ फर्महरु गंगेश्वरले लागत अनुमानको ०.०२३ प्रतिशत र शिखर ट्रेड एण्ड सप्लायर्सले लागत अनुमानको ०.०३९७ प्रतिशत घटी र लछिमन सप्लायर्सले ०.१४५ प्रतिशत बढिको मुल्यमा आवेदन दिएको पाइयो ।यसरी लागत अनुमान बराबरकै रकममा सम्झौता भएबाट ऐनको व्यवस्था बमोजिम स्वच्छ प्रतिस्पर्धा भएको छ भन्ने अवस्था देखिदैन ।तसर्थ ऐनको व्यवस्था बमोजिम खरिद कारवाहीलाई अधिकतम खुल्ला र प्रतिस्पर्धात्मक बनाउनु पर्दछ । | |
| ३५ | | | **दोहोरोभाडा भुक्तानि**<br>आर्थिक<br>कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले गर्नु पर्ने उल्लेख छ । यस पालकाको गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रमका लागि आवश्यक सामाग्रि ल्याउन यस पालिकका कर्मचारी श्री देव दत्त शर्मा र अर्का एक जना सोही कार्यालयको कर्मचारी ले २०७८।११।१७ देखि ११।२४ सम्म भ्रमण स्विकृत गराइ गाडिभाडा बापत प्रत्येक पटकको रु १५००।० का दरले दुइ जनाले रु ३०००।- भुक्तानि लिएको देखिन्छ । सोहि मितिमा निजले मेशिन ढुवानी बापत कञ्चनपूर देखि गा पा | ३,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्म रु २४०००।० गाडिभाडा बुझाएको देखिन्छ । यसरी एकै मितिमा दोहोरो भुक्तानि भएको भाडा रु ३०००।— सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु | |
| ३६ | ५५ | २०७९-३-२५ | **प्रमाण वेगर खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८।७९ को सि.नं. ८.३ अनुसार कक्षा १० मा प्राविधिक धार सञ्चालित विद्यालयलाई कक्षा ११ मा स्तरोन्नति गर्दा ल्याब व्यवस्थापनका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ९ लाख अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले कैलपाल मा. वि. लाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषय लगायतका व्यहोरा खुलाउनु पर्ने व्यबस्था छ । आइ टी ल्याब र बिद्यालय पूर्वाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सबै सक्कल प्रमाण कागजात पेश हुनुपर्दछ रु | ९००,००० |
| ३७ | १० | २०७८-१२-२१ | **मिनिकिट खरिद तथा वितरण -**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ । यस पालिकाले केदारनाथ कृर्षि सेवा केन्द्र बाट रु २००। का दरले २,०००। वटा मिनिकिट रु ४,००,०००। मा खरिद गरेको देखिन्छ ।खरिद गरिएका मिनिकिट मध्ये १५१८ वटा मिनिकिट वडा सचिवले बुझेको देखाईएको छ ।वडा सचिवले बुझेपछी के कस्तो आधारमा वितरण गरे अथवा वितरण नै गरेनन एकिन हुन सक्ने अवस्था छैन भने बाँकी रहेका ४८२ मिनिकिट पालिकाको स्टोरमा मौज्दात नरहेको र वितरण पनि नभएकोले यस सम्वन्धमा एकिन गरी प्रमाण पेश हुनुपर्ने रु | ४००,००० |
| ३८ | ३९ | २०७८-६-१४ | **खटिया ,कार्पेट र सिरक खरिद-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । यस पालिकाले गत वर्षको भुक्तानी बाँकी शिर्षकबाट खटिया ,कार्पेट र सिरक खरिद गरी वितरण गरेको भनी श्याम चन्दलाई रु २,०७,२७०। भुक्तानी दिएकोमा सो सामान कार्यालयले दाखिला गरी जिन्सी मौज्दात नदेखाएकोले उक्त सामानको अवस्था एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु | २०७,२७० |

<table>
<tr>
<td>३९</td>
<td>११</td>
<td>२०७८-५-९</td>
<td>
फोटोकपी कर विजक -<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०)अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । यस पालिकाले देहायबमोजिमका भुक्तानीमा फोटोकपी विलका आधारमा भुक्तानि दिइएको हुँदा सक्कल कर विजक पेश गरी भुक्तानी भएको मू. अ कर सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>विजक नं र मिति</th><th>रकम मू.अ कर सहित</th></tr>
<tr><td>१</td><td>जि के एडभरटाईजिङ डकुमेन्टी एण्ड कम्युनिकसन सेन्टर</td><td>१७,<br>२०७८/३/२२</td><td>६५८१२.२</td></tr>
<tr><td>२</td><td>मालिका अफसेट प्रेस</td><td>५,<br>२०७८/३/४</td><td>९९७२२.५०</td></tr>
<tr><td>३</td><td>रेन ट्रेड एण्ड मार्केटिङ प्रा ली</td><td>१२८,<br>२०७८/१/२९</td><td>५९४९५</td></tr>
<tr><td>४</td><td>सृजना इन्टरनेशनल मिडिया प्रा ली</td><td>१२०७,<br>२०७८/३/२३</td><td>६५८११.२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२,९०,८४०।९</td></tr>
</table>
</td>
<td>२९०,८४०.९</td>
</tr>
<tr>
<td>४०</td>
<td>४</td>
<td>२०७८-५-९</td>
<td>
व्यवसायिक सिप विकास तालिम -<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०)अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । यस पालिका सँग अमरगढी मिडिया प्रा ली र सामुदायिक विकास तथा सामाजिक न्याय मञ्चले सम्झौता गरी सञ्चालन गरेको व्यवसायिक सिप विकास सम्वन्धि तिने दिने तालिमको भुक्तानी दिँदा नियममा उल्लेख भए भन्दा बढी भुक्तानी दिएको देखिएकोले बढी भएको तपशिल बमोजिमको रकम असुल उपर गरी दाखिला गर्नु पर्ने रु
<table>
<tr><th>क्र स</th><th>नाम</th><th>वापत</th><th>हुनु पर्ने रकम</th><th>भएको रकम</th><th>बढि रकम</th></tr>
</table>
</td>
<td>१२३,५००</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १ | अमरगढी मिडिया प्रा ली र सामुदायिक विकास तथा सामाजिक न्याय मञ्च | व्यवसायिक सिप विकास सम्वन्धि तालिम (विल भरपाईअपुग) | ९३४६८० | ९९१६८० | ५७००० |
| २ | गोरख बहादुर चन्द | प्रशिक्षक भत्ता | १०४०० | २७२०० | १६८०० |
| ३ | बिना भट्ट | प्रशिक्षक भत्ता र अनुगमन | १०४०० | ४४२०० | ३३८०० |
| ४ | राम धामी | प्रशिक्षक भत्ता | १५६०० | ४०८०० | २५२०० |
| ५ | देवदत्त शर्मा | प्रशिक्षक भत्ता | १०४०० | २७२०० | १६८०० |
| ६ | गणेशदत्त जोशी | प्रशिक्षक भत्ता | ५२०० | १३६०० | ८४०० |
| ७ | दिपक सिँह बोहरा | प्रशिक्षक भत्ता | ५२०० | १३६०० | ८४०० |
| ८ | गणेश भट्टराई | प्रशिक्षक भत्ता | ५२०० | १३६०० | ८४०० |
| | | | | | १,२३,५००। |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **युवा स्वरोजगार कार्यक्रम** | ६००,००० |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०)अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । यस पालिकाले गत वर्षको भुक्तानी बाँकी शिर्षकबाट युवा स्वरोजगार कार्यक्रमको भुक्तानी गर्दा प्रस्तावना मात्र पेश भएको र अन्य खर्चको भएको प्रमाणित हुने कागजात ,प्रमाण, आधार नदेखिएकोले देहायबमोजिमका व्यक्तीहरुको नाममा जम्मा भएको रकम मनासिव देखिएन रु

| क्र स | नाम | रकम |
|---|---|---|
| १ | कुष्मा भण्डारी | १०००००। |
| २ | सरिता कुमारी साउद | १०००००। |
| ३ | जशु देवी भण्डारी | १०००००। |
| ४ | कौशिला देवी भण्डारी | १०००००। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>सिता देवि भण्डारी</td><td>१०००००।</td></tr><tr><td>६</td><td>जानकी देवी भण्डारी</td><td>१०००००।</td></tr><tr><td></td><td>जम्मा</td><td>६०००००।</td></tr></table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>भ्रमण खर्च -<br>सूदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४३</td><td>२१<br>८</td><td>२०७<br>८-<br>१२-८</td><td>जालि खरिद -<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । यस पालिकाले विपद व्यवस्थापन कोष कार्यक्रममा एलिसा हार्डवयर एण्ड सप्लायर्स बाट रु ४,५९,००७।को जालि खरिद गरी भुक्तानी दिएको देखियो ।कार्यालयले प्राप्त भएको सामान एकिन गरी दाखिला गर्नु पर्नेमा दाखिला नगरेको तथा कुन ठाँउमा प्रयोग भयो सो पनी खुल्ने आधार नदेखिएकोले सामान प्रयोगको सम्वन्धमा नापी किताव सहित अन्य आवश्यक कागजात पेश हुनुपर्ने रु ४,५९,००७।</td><td>४५९,००७</td></tr>
<tr><td>४४</td><td>४५</td><td>२०७<br>८-६-<br>१५</td><td>चामल ,गहुँ र कम्मल वितरण -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले गहुँ चामल कम्मल तन्ना वितरण वापत भनि वलदेव तिवारीलाई रु १,१९,८७०।भुक्तानी गरेको देखियो ।यस सम्वन्धमा वितरणको मापदण्ड सहित सामान वितरणका कागजात, प्रमाण र भरपाई नभएकोले उक्त कागजात पेश हुनुपर्ने रु</td><td>११९,८७०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>गाडि भाडा -</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली ,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रु ४,९९,५००। खर्च गरेको छ ।कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको एक जना व्यक्ति मात्र कार्यालयको काममा जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो । कार्यालयबाट हुने प्रयाजसो कार्यक्रम, तालिम ,गोष्ठी आदिका लागि गाडी भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।यस सम्वन्धमा केही उदाहरणहरु -<br>
<table>
<tr><th>क्र स</th><th>गो भौ नं र मिति</th><th>प्रयोग कर्ता</th><th>प्रयोजन</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>३१०,<br>२०७९/०३/०९</td><td>विना भट्ट</td><td>विभिन्न वैठकमा सहभागी</td><td>४४०००।</td></tr>
<tr><td>२</td><td>३५,<br>२०७८/०६/११</td><td>नारायण दत्त पन्त</td><td>कार्यालय कामकाज</td><td>२००००।</td></tr>
<tr><td>३</td><td>२३४,<br>२०७८/१२/१८</td><td>राम सागर शाह</td><td>डडेल्धुरा गएको</td><td>४५०००।</td></tr>
<tr><td>४</td><td>९८,<br>२०७८/०९/१९</td><td>भुवन बाग</td><td>कामकाज</td><td>४८०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>गर्मा कृर्षि पाठशाला -<br>पञ्चेश्वर गाँउपालिका र गर्मा कृर्षि पाठशाला बिचको सम्झौता अनुसार पालिकाले जमिन भाडा बापतको रकम, बिउ विजन खरिद वापतको रकम र ज्याला वापतको रकम व्यहोर्ने र तरकारी उत्पादन भएपश्चात बिक्री गरिएको तरकारीबाट प्राप्त आम्दानी पालिकाको राजश्वखातामा जम्मा गर्नु पर्ने उल्लेख छ ।यस आ .व मा पालिकाले जमिन भाडा बापतको रु ३,२१,४४६। र डोर हाजिरका आधारमा ज्याला बापतको रु ९,४९,८००। गरी वर्षभरिमा जम्मा रु १२,७१,२४६।खर्च गरेको छ भने गर्मा कृर्षि पाठशालाले वर्षभरिमा के कति तरकारी उत्पादन गर्यो कति तरकारी बिक्रि गरी आम्दानी प्राप्त भयो सो सम्वन्धमा केही पनि कागजात ,प्रमाण पेश हुन आएन सम्झौता अनुसार गर्मा कृर्षि पाठशालाबाट के कति आम्दानी भएको हो एकिन गरी आय रकम राजश्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ईलेक्ट्रिक सामान खरिद -</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४७.१ | ४८ | २०७८-६-१८ | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ । यस पालिकाले भिभा कन्स्ट्रक्सन ईन्जिनियरिङ प्रा लि बाट रु १२,९७,३८८ मा खरिद गरेका supply oelivery of electrication goods कार्यालयले दाखिला गरेर मौज्दात देखाए पनि मालसामान कार्यालयमा रहेको नदेखिएकोले कार्यालयले खरिद गरेका मालसामानको एकिन गरी प्रमाण पेश हुनुपर्ने रु | १,२९७,३८८ |
| ४७.२ | | | सार्वजनिक खरिद नियामावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायाले सम्पन्न भएको निर्माण कार्यमा आपुर्ती गरिएका निर्माण सामाग्री वा प्रदान गरिएका सेवा स्वीकार गर्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने भन्ने व्यवस्था छ । यस पालिकाले supply oelivery of electrication goods सम्वन्धमा नियममा भए बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरेको नदेखिएकोले कार्य सम्पन्न प्रतिवेदन तयार गरी कार्य सम्पन्न भएको सुनिश्चता गर्नु पर्दछ । | |
| ४८ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । आय शीर्षक अनुमान असुली असुली प्रतिशत एकीकृत सम्पत्ति कर र घरजग्गा कर २८००००।० १८३१४.० ६।५ घरजग्गा वहाल कर ८०००।० ० ० व्यवसाय कर २०००००।० १४१२७०।० ७०।० पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| ४९ | | | **व्यवसाय कर**<br>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१४१२७०।० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ५० | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्वन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ५१ | | | **निरीक्षण नभएको**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येम महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था रहेन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु. ४८,८१,७२९।०० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । | |
| ५२ | | | **ढिला राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार ब्याज, थप रकम सहित गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.१७५३०।००<br><br>गा.पा. को आन्तरिक आम्दानी — १७५३०।०० | १७,५३० |
| ५३ | | | **रसिदको अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ ।पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यबस्था भएता पनि तहाँ कार्यालय सँग ठेली कति छापिएका हुन र कति वितरण गरीएका हुन सोको अभिलेख रसिद नियन्त्रण खातामा चढाइराख्नुपर्नेमा राखेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थरुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था छैन । यसमा तत्काल सुधार हुनुपर्दछ । | |
| ५४ | | | **सवारी कर** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ५५ | | | **यस प्रयोजनमा लागु नहुनेराजश्व दाखिला**<br>यस प्रयोजनमा लागु नहुनेराजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ५६ | | | **मनोरञ्जन कर**<br>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ५७ | | | **नगदी रसिद**<br>पालिकाले नगदी रसिद छपाई गरी बितरण गरेपछि सो रसिद उपभोग गरी त्यसको कार्यालय प्रति फिर्ता प्राप्त गरी असुल रकम एकिन गर्नु पर्दछ । तर परीक्षण गरिएका केही रसिदको अबस्था निम्न अनुसार देखिएको छ ।पालिकाले नगदी रसिद अभिलेख अद्यावधिक रुपमा तयारी राख्नुपर्दछ । • वडा नम्बर १ को रसिद नम्बर ३००१ र ३००२ को कार्यालय प्रति पनि नभेटिएको • वडा नम्बर २ को रसिद नम्बर ४८०१ देखि ४८०४ सम्मको कार्यालय प्रति पनि नभेटिएको • वडा नम्बर ३ ले प्रयोग गरेका सबै १३ वटा ठेलीहरु वडा सचिवले आफैले खरिद गरी प्रयोग गरेको • रसिद नम्बर १५१ देखि २०० र २०१ देखि ३०० सम्मका ठेली दुई दुई थान देखिएको उप्त ब्यहोराका आधारमा पालिकाले प्रयोग गरेको रसिदको अभिलेख भरपर्दो नभएको, सम्बन्धधित वडाबाट प्रयोग गरी फर्काएका रसिदमा नाम, प्रयोजन र रकम स्पष्ट नखुलाएको अर्थात अध्ययन गर्न नसकिने गरी लेखेको देखिन्छ । यस्तो प्रकृयाबाट राजस्व असुली गरी दाखिला गर्ने कार्य तत्काल सुधार गर्नुपर्दछ । | |
| ५८ | | | **क्यान्टिन सञ्चालन** :<br><br>*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ५०,०००।- सम्परीक्षण गरिएको।)* | ० |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट खर्च आन्तरिक आय आन्तरिक आय प्रतिशत<br>३५१०६३७८९ ५५२६४१ ०।१५<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०।१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६० | | | **स्थानीय तहरूको विभाज्य कोष**<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्य कोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ६१ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५६००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१५९५८४।- अर्थात अनुमानको २८।४९ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ६२ | | | **परामर्श सेवा खरिद** | |
| ६२.१ | | | यस पालिकाले यस आ ब मा निम्न अनुसार परामर्श सेवा कार्यका लागि ठेक्कापट्टाको गरेको विबरण पेश गरेको छ । (रकम रु. हजारमा मु अ कर सहित) | |

| ठेक्कानं. | कामको विवरण | परामर्शदाता | सम्झौता मिति | काम शुरु गर्नुपर्ने मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप मिति | लागत अनुमान रकम | सम्झौता रकम |
|---|---|---|---|---|---|---|---|---|
| PRM/CS/Agri/ 01/2078/2079 | कृषिमा आधारित उद्यमशिलता विकास कार्यक्रम | अपि प्वाइन्ट ईन्जिनियरिङ्ग | 12/9/2078 | 13/9/2078 | 12/1/2079 | 0 | 4200 | 3955 |
| PRM/CS/WE/ 02/2078/079 | सक्षममहिलाकार्यक्रम | अपि प्वाइन्ट ईन्जिनियरिङ्ग | 12/9/2078 | 13/9/2078 | 12/1/2079 | 0 | 4200 | 3955 |

उक्त परामर्श सेवा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६२.२ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ९ अनुसार विशेष अनुदानबाट सञ्चालित योजना तोकिएको समयावधिमा सम्पन्न गर्नुपर्ने अन्यथा पालिकाले आफ्नै स्रोतबाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा कृषिमा आधारित उद्यमशिलता विकास कार्यक्रममा रु.४२ लाख र सक्षम महिला कार्यक्रममा रु.४२ लाख गरी रु.८४ लाख विशेष अनुदान प्राप्त भएकोमा पालिकाले उक्त योजना कार्यान्वयन गर्ने प्रक्रिया सुचारु गरी कार्य गराएकोमा उक्त कार्यक्रम सम्पन्न नभएको उल्लेख गरी कुनै पनि भुक्तानी नगरी अनुदान फिर्ता गरेको छ । जसले गर्दा योजना कार्यान्वयनमा गएको तर सम्पन्न र भुक्तानी नभएको र पुन उक्त योजनाको लागि अनुदान पनि प्राप्त नहुने हुँदा पालिकाले आगामि वर्षमा यसको थप दायित्व पर्ने देखिन्छ । तसर्थ आइन्दा प्राप्त अनुदान रकमबाट समयमा नै योजना कार्यान्वयन गरी काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

६२.३ माथी तालिकामा उल्लेखित पालिकाले विभिन्न फर्मबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी उक्त प्रास्तावको मुल्याङ्कनको आधारमा दुवै ठेक्काको खरिदको लागि अपि प्वाइन्ट ईन्जिनियरिङ्गसँग तिन महिनामा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।९।१३ मा सम्झौता गरेको छ । दुई कार्यको लागि एकै फर्मसँग एकै दिन समान अवधि कायम गरी सम्झौता गरेको देखिन्छ । उक्त दुवै योजनाको लागि प्रारम्भिक प्रतिवेदन २०७८ चैत्रमा पेश गरी प्रथम किस्ता भुक्तानीको लागि निवेदन दिएकोमा कार्यालयले कुनै कारबाही अगाडी नबढाएको तथा भुक्तानी पनि दिएको छैन । उक्त कार्यका लागि भुक्तानी नदिनुको कारण नखुलाएको तथा परामर्शदाताले समेत भुक्तानी माग दाबी गरेको छैन ।उक्त काम आबश्यक भए प्रतिस्पर्धाको आधारमा आवश्यक प्रकृया पुरा गरी काम सम्पन्न गर्ने वा काम गर्नु नपर्ने वा परामर्शदाताले तोकिए अनुसार काम नगरेको भए आबश्यक प्रकृया पुरा गरी सम्झौता अन्त्य गरी अन्य प्रकृया सुरु गरी काम सम्पन्न गराउनु पर्दछ ।

६३ **नापी किताब**

महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेकोमध्ये नापी किताब म. ले. प. फा. नं. ५०३ र ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ पनि हुन्। नापी किताबमा ठेक्का

नं, आर्थिक बर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मिति लगायतका व्यहोरा उल्लेख गर्ने र नापी लिई सकेपछि नापी लिने, जाँच गर्ने र स्वीकृत गर्ने कर्मचारीको नाम, पद र मिति लेखेर हस्ताक्षर गर्नुपर्ने व्यबस्था छ । ठेक्कागत अभिलेख खातामा ठेक्काको लागत अनुमान, सम्झौता रकम र भुक्तानीको अबस्था, जमानतको अबस्था लगायतका व्यहोरा प्रत्येक ठेक्कागतरुपमा छुट्टाछुट्टै जानकारी लिन सकिने गरी राख्नु पर्ने व्यबस्था छ। नापी किताब कम्प्यूटरबाट तयार गरिएमा प्रिन्ट गरी बाइन्डिङ्ग गरी नापी नियन्त्रण खाता म. ले. प. फा. नं ५१२ मा चढाउनु पर्ने थप व्यबस्था समेत रहेको छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस बर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा नापी किताब परीक्षण गर्दा नापी लिई सकेपछि सबै नापी किताबमा नापी लिने, जाँच गर्ने, स्वीकृत गर्ने, कर्मचारीको नाम, पद र मिति लगायत सबै व्यहोरा स्पष्ट बुझिने गरी हस्ताक्षर नगरेको, कम्प्यूटरबाट प्रिन्ट गरी तयार गरेको लुजसिट लाई नै (आइ.पी.सी.) नापी किताब मानी भुक्तानी दिने गोश्वारा भौचरमामात्र राखेकोले बिगत बर्ष देखि चालू र यसै आ. ब. मा संचालित योजनाको परीक्षण गरीएको गोश्वारा भौचरभन्दा अगाडि के कति भुक्तानी भएको थियो भिडान गर्न कठिनाई रहेको छ । नापी किताबकोरुपमा तयार गरेको भुक्तानीका गोश्वारा भौचरसाथ रहेका लुज सिट (आइ.पी.सी) नापीलाई बाइन्डिङ्ग नगरेको र नापी नियन्त्रण खाता म. ले. प. फा. नं. ५१२ मा नचढाएको तथा ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ नराखेकोले सम्पन्न योजनाको कन्टिन्जेन्सी सहित कुल खर्च कति भयो एकिन हुने अबस्था नहुनुका साथै एकै नापी कार्यको दोहोरो भुक्तानी भए पनि सहजरुपमा जानकारी पाउने अबस्था छैन । यस्तो प्रकृयामा तत्काल सुधार गरी निर्माण कार्यको अभिलेख व्यबस्थालाई सुदृड बनाई सम्पन्न निर्माण कार्यको २० वर्षसम्म आवश्यक सूचना लिन सकिने सहज अवस्था तयार पार्नुपर्दछ ।

६४ **बोलपत्रको माध्यमबाट खरिद**

६४.१ निर्माण सम्बन्धी ठेक्का - पालिकाबाट उपलव्ध निर्माण सम्बन्धी ठेक्काको विबरण निम्न अनुसार प्राप्त भएको छ । (रकम रु. हजारमा मु अ कर समेत)

| क्र सं | ठेक्कानं. | कामको विवरण | निर्माण व्यवसायी | कार्य सम्पादन जमानत | म्याद सकिने मिति | पेस्की | म्याद सकिने मिति | सम्झौता मिति | काम शुरु गर्नुपर्ने मिति | काम समाप्त गर्ने मिति | म्याद थप मिति | कार्य सम्पन्न मिति | लागत अनुमान रकम | सम्झौता रकम | हाल सम्म को भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | PRM/W/PTPP-01/2077/2078 | Pancheshwor tourism project | VIVA Construction | 1500 | 3rd march 2024 | 5000 | 3rd sept 2022 | 5/22/2078 | 5\23\2078 | 2081/082 | 0 | 0 | 33741 | 29032 | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | PRM/03/ 2077/2078 | Gwallek road | Mahadev construction | 480 | | 0 | | 3/11/2078 | 3/11/2078 | 15/8/2078 | 0 | 0 | 8575 | 8474 | |
| ३ | PRM/02 /2077/2078 | Paladi dharma ghat sadak | Sukra kamali construction | 480 | | | | 3/11/2078 | 3/11/2078 | 15/8/2078 | ०८/१९ /२०७८ | 11/30 /2078 | 9598 | 9534 | |
| ४ | PRM-NCB/01/2075/ 2076 | Procurement of P.R.M building | महादेब कन्सट्रसन | 0 | 0 | 0 | 0 | 20/5/2076 | 21/5/2076 | 2078 /5/20 | 0 | 0 | १९६०४ | 19577 | 15885 |
| ५ | RL,02/ 076/077 | Tichaura to gaupalika sadak | Gywlek nirman sewa | 0 | 0 | 0 | 0 | 3/11/2077 | 4/11/2077 | 20/04 /2078 | 11/9/2078 | 0 | ३३०४५ | 30454 | 2870 |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

६४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।

६४.३ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार माथी उल्लेखित सबै ठेक्कामा बीमा भए

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी सबै कार्यमा वीमा गराउने एवं ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्दछ । | |
| ६४.४ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क -६_मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६४.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६४.६ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यबसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । माथी उल्लेखित सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ६४.७ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ । सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा सो सच्याएरमात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यबस्था गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ६४.८ | | | ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीले पेस गरेको कार्य सम्पादन जमानतको म्याद त्रुटी सुधार गर्ने समय सकिने समयभन्दा थप एक महिना बढीको हुनुपर्ने कानुनी तथा सम्झौतामा उल्लेखित शर्तमा उल्लेख छ । तर माथी उल्लेखित क्र सं १ मा उल्लेखित ठेक्का बाहेक अन्यमा कार्य सम्पादन जमानत पेश भए नभएको एकिन नभएको र पेश भएकोमा पनि त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने एकिन छैन । तोकिए अनुसारको जमानत लिए नलिएको पालिका स्वयंलाई यकिन नहुनु मनासिब देखिएन ।ठेक्का सम्झौता अनुसार त्रुटी सुधार हुने अबधिसम्म बहाल रहने कार्य सम्पादन जमानत अनिवार्यरुपमा लिनु पर्ने र म्याद थप गर्दा सोही अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ६४.९ | | | पालिकामा सञ्चालित बिभिन्न योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षणका लागि पालिकाका उपाध्यक्षको अध्यक्षतामा समिति गठन गर्ने व्यबस्था अनुसार यस पालिकामा पनि उपप्रमुखको अध्यक्षतामा समिति गठन भए पनि उल्लेखित ठेक्काबाट गरीएका कार्यको अनुगमन तथा सुपरीबेक्षण गरेको देखिने प्रमाण ठेक्का फाइलमा रहेको पाइएन । तोकिएका सबै कार्यको अनुगमन तथा सुपरीबिक्षण गरी निर्माण कार्य समयमै सम्पन्न गर्ने र निर्माण कार्यको उच्चतम गुणस्तर कायम गर्न अनुगमन तथा सुपरीबेक्षणका समिति सजग रहनु पर्दछ । | |
| ६४.१० | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन गुणस्तर परीक्षण गर्नु पर्ने र गुणस्तर परीक्षणका लागि गुणस्तर परीक्षणको प्रकार र पटक अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै उल्लेख गर्ने गरेको छैन । तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नाप जाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।माथि तालिकामा उल्लेखित ठेक्का लगायत पालिकाबाट भएका अन्य सबै ठेक्कामा गुणस्तर परीक्षण गरेको पाइएन । सबै कार्यको गुणस्तर परीक्षण गर्ने गराउने अनिबार्य व्यबस्था गरी निर्माण गरेको कार्यको गुणस्तरको सुनिश्चितता हुने व्यबस्था हुनुपर्दछ । | |
| ६४.११ | | | सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२०(१) मा सम्झौता वमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परापर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । यसरी निवेदन प्राप्त भएपछि उपनियम (२) र (३) को प्रकृया पूरा गरी म्याद थप गर्न सकिने व्यवस्था रहेको छ । त्यसै गरी सोही नियमावलीको नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । देहाय बमोजिमका खरिद कार्य तोकिएको अवधिमा सम्पन्न नभएकोमा निर्माण व्यवसायीले स्पष्ट कारण सहित सम्झौताको म्याद सकिनु भन्दा एक्काईस दिन अगाडि म्याद थप माग समेत भएको नदेखिएको अवस्थामा कार्य सम्पादन जमानत रोक्का राखी निर्माण कार्य समयमा सम्पन्न गर्न कुनै ताकेता नगर्ने जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाई पूर्वनिर्धारित क्षतिपूर्ति असूल हुनुपर्ने देखिएको रु. | ५,०१२,००० |

| क्र सं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | सम्झौता मिति | काम शुरु गर्नुपर्ने मिति | काम समाप्त गर्ने मिति | म्याद थप मिति | लागत अनुमान रकम | सम्झौता रकम | २०७९ असारसम्म को हुने क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | PRM-NCB/01/2075/2076 | Procurement of P.R.M building | महादेब कन्सट्रसन | 20/5/2076 | 21/5/2076 | 2078/5/20 | 0 | १९६०४ | 19577 | 1958 |
| २ | RL,02/076/077 | Tichaura to gaupalika sadak | Gywlek nirman sewa | 3/11/2077 | 4/11/2077 | 20/04/2078 | 11/9/2078 | ३३०४५ | 30454 | 3054 |
| | | | | | | | | जम्मा रु | | ५०१६ |

६४.१२ ठेक्का नं. PRM/03/2077/2078 को म्याद प्राप्त ठेक्का विवरण अनुसार २०७८।८।२५ सम्म कायम रहेकोमा निर्माण व्यवसायी महादेव कन्ष्ट्रक्सनले २०७८।७।२२ मा कार्य समाप्त भएको निवेदन पेश गरेको र सोही अनुसार २०७८।८।१० मा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । तर लेखापरीक्षण अवधिसम्म पनि उक्त ठेक्काको रकम भुक्तानी भएको छैन । कार्यालयले उक्त रकम भुक्तानीको लागि बजेट अभावको कारण भुक्तानी नभएको प्रतिक्रिया दिएको छ । योजना निर्माण गर्दा बजेटको सुनिश्चितता गरी निर्माण गर्ने र भुक्तानी गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ ।

६५ **नपाउने मु.अ.कर भुक्तानी** ४२,७८०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण, कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको योजनाको दर विश्लेषण गर्दा मु.अ.कर सहितको रकम संलग्न गरी रकम भुक्तानी गरेकोमा मु.अ.कर विजक विल पेश नगरेको तथा पेश भएकोमा पनि भुक्तानी दिएको मु.अ.करभन्दा कम रकम देखिने मु.अ.कर विजक पेश भएकोले नपाउने तथा बढी भुक्तानी भएको मु.अ.कर वापतको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | काम | भुक्तानि मु.अ.कर | मु.अ.कर विजक | भुक्तानी भएको मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ४४ | रोखडा सिँचाइ पोखरी निर्माण | PCC 1:2:4, 3.01 cum | ४८६५ | ० | ४८६५ |
| | | Stone masonry 1:6 c/s mortar 11.68 cum | | | |
| ६२ | वडा कार्यालय पर्खाल निर्माण उ.स. | Stone masonry 1:6 c/s mortar 108.3 cum | २६२०२ | ६७३० | १९४७२ |
| | | PCC 1:3:6 | | | |
| | | PCC 1:2:4, 3.95 cum | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०३ | गागर सिँचाइ पोखरी निर्माण | Stone masonry 1:6 c/s mortar 20.39 cum | ७५७०.० | ३६०१.० | ३९६९.० |
| २०१ | सिमार सिचाइ पोखरी निर्माण | M20 concreting, 5.85 cum | ८४४७.० | ३८८२.० | ४५६४.० |
| | | Stone masonry 1:6 c/s mortar 13.98 cum | | | |
| २१२ | आमखेत सिचाइ कुलो निर्माण उ.स. | Stone masonry 1:6 c/s mortar 6.83 cum | ५०५३.० | ० | ५०५३.० |
| | | PCC 1:2:4, 4.88 cum | | | |
| २३९ | पान्या इजर सिचाइ पोखरी निर्माण | PCC 1:2:4, 3.14 cum | ४८५७.० | ० | ४८५७.० |
| | | Stone masonry 1:6 c/s mortar 11.3 cum | | | |
| जम्मा | | | ५६९९४.० | १४२१३.० | ४२७८०.० |

६६

**पाइप खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहायबमोजिमको कार्यक्रमबाट विभिन्न साइज (20mm देखि 75mm) का ८३९० मिटर खानेपानी पाइप खरिद रु.५,७६,१८९। भुक्तानी गरेको देखिएकोले खरिद भएका पाइप जडान भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदनलगायत निर्माण सम्बन्धी आवश्यक कागजात पेश गर्नुपर्ने रु.

| क.सं. | भौ.नं. | कार्यक्रम | आपुर्तक/भुक्तानी लिने | साइज | पाइप विवरण मि. | रकम |
|---|---|---|---|---|---|---|
| १ | ९३-१२।२१ | मिलान कोष | केशव सिंह घटाल | 40mm | ४०० | ४२४८०.० |
| | | | | 32 mm | ७०० | ४६४२४.० |
| २ | २६२-३।२४ | पाईप खरिद | जगत सिंह जोशी | 32mm | ५४० | ३३४८०.० |
| | | | | 25mm | ९०० | ४११९३.० |
| ३ | | पाईप खरिद | हर्स बहादुर चन्द | (20-75)mm | ४७५० | ३५५७२०.० |

५७६,१८९

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>२८०-<br>३।२५</td><td></td><td></td><td>25mm</td><td>११००</td><td>५६८९२.०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८३९०</td><td>५७६१८९.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कन्टिन्जेन्सी<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था अनुसार यस आर्थिक बर्षमा कुल रु. १३ लाख २८ हजार खर्च भएको जनाएको छ । कन्टिन्जेन्सी खर्च गर्दा वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि खर्च गरेको जनाए पनि योजनागतसहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्बजनिक निर्माणबाट खर्च लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । यसका अतिरिक्त सुपरभाइजरको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार निर्धारण भएको देखिदैन । अत कन्टिन्जेन्सी खर्च स्पष्ट आधार तथा मापदण्ड बेगर गर्नु मनासिब देखिदैन कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>परामर्श सेवा खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरेर मात्र प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा बिद्युतिकरणको कार्यको लागि डिपिआर कार्य गरेको भनि उर्वी इन्जिनियरिङ्ग सर्भिसेज प्रा.ली.लाई उक्त प्रा लि ले पेश गरेको विलको आधारमा रु.४,९८,३३०। भुक्तानी गरेको छ । लेखापरीक्षणको क्रममा नियमावलीमा व्यवस्था भए बमोजिमको लागत अनुमान, खरिद सम्बन्धी कागजात, डिपिआर प्रतिवेदन र ड्रइङ डिजाइन लगाएतका कागजात उपलब्ध नभएकोले उक्त कागजात सहित प्राप्त प्रतिबेदन पालिकाले निर्धारण गरेको आबश्यकता अनुसार भएको भनि जाँच गरी सो प्रतिबेदन पालिकाको अभिलेखमा जनाएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४९८,३३०</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>कन्टेन्जेन्सीबाट लेखा सहायकलाई पारिश्रमिक<br>पालिकाले यस वर्ष सञ्चालित पूँजिगत प्रकृतिको कार्यक्रममा कार्यालयले व्यहोर्ने अंशको ४ प्रतिशत कन्टेन्जेन्सी कट्टा गर्ने गरेको छ । उक्त कन्टेन्जेन्सी रकमको छुट्टै अभिलेख नराखी आर्थिक वर्षको अन्त्यमा कार्यपालिकाको निर्णयानुसार ८ जना लेखा सहायकको पारिश्रमिक बापत रु.११,५०,५२१।० भुक्तानी गरेको विवरण पेश भएको छ । कन्टेन्जेन्सी वापतको रकम सम्बन्धित योजना व्यवस्थापनमा खर्च गर्न मिल्नेमा लेखा सहायक नियुक्त गरी भुक्तानी दिनु कन्टिन्जेन्सी खर्च सँग मेल खाने देखिएन ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>हस्तान्तरण नगरेको<br>सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>विगत वर्षमा अधुरा विद्यालय मर्मत<br>विगत वर्षमा अधुरा विद्यालय मर्मत - पालिकाले गत विगत वर्षमा शसर्त बजेटबाट निर्माण भएका र अपुर्ण रहेका देहायबमोजिमका ३ विद्यालयको भवन निर्माणमा पालिकाले रु. १५,००,०००। खर्च गरेको छ । बिगत बर्ष नै तोकिएको बजेटबाट भवन निर्माणमा बजेट विनियोजन भइ सकेका विद्यालयमा पुनः बजेट विनियोजन गरी खर्च गर्ने कार्य मनासिब देखिएन । यस बर्ष भुक्तानी भएको रकमबाट गरिएका कार्यका लागि गत बर्ष भुक्तानी नभएको प्रमाण सहित निम्न अनुसार खर्च गरेको रकम नियमित हुनुपर्ने रु.<br>
<table>
<tr><th>भौ.नं.</th><th>विद्यालयको नाम</th><th>गरेको कार्य</th><th>खर्च रकम</th></tr>
<tr><td>१४५</td><td>चतुर्वाहु आ.वि.</td><td>प्लाष्टर, झ्याल ढोका निर्माण, रंगरोगन</td><td>४०००००.०</td></tr>
<tr><td>१७०</td><td>केदार आ.वि.</td><td>कक्षाकोठा सोलिङ्ग, पेटि निर्माण, रंगरोगन</td><td>५०००००.०</td></tr>
<tr><td>१७५</td><td>जनचेतना आ.वि.</td><td>शौचालय तथा भवन मर्मत, झ्यालढोका, रंगरोगन</td><td>६०००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५,००,०००।</td></tr>
</table></td><td>१,५००,०००</td></tr>
<tr><td>७२</td><td>२३२</td><td>२०७९-३-२०</td><td>उ.स. बाट मेसिन खरिद<br>पालिकाले सिमार सोलार खानेपानी तथा सरसफाइ योजनाका लागि सनसाइन इनर्जी प्रा.ली. बाट submersible ksb (upf 80/19, UMA 1150 13/22, 13.42 HP/10.01 kw, 10.166 cum/hr at 194.63 m lead) or equivalent मेशिन खरिद गरी रु.३ लाख भुक्तानी गरेको छ । उक्त मेशिन तोकिएको स्पेसिफिकेसन अनुसार भए नभएको सम्बन्धमा गुणस्तर परीक्षण गरेको देखिएन । कार्यालय आफैले गुणस्तरयुक्त मेशिन प्रतिस्पर्धाको लाभ समेत प्राप्त गर्ने गरी खरिद गर्न सकिनेमा उपभोक्ता मार्फत प्रतिस्पर्धा बेगर र गुणस्तर एकिन नगरी खरिद गरेको कार्य मनासिब देखिएन । यस्ता कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>न्युन आनुपातिक कट्टि<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिलाई भुक्तानी दिदा कन्टेन्जिन्सी, ओभरहेड, जनसहभागिताको अंस कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित योजनामध्ये लेखापरीक्षणबाट छनौट गरिएका निम्नानुसार योजनामा सम्पादित कामको भुक्तानी गर्दा उपभोक्ता समितिको अंश कट्टा गर्दा घटी कट्टि गरी रु.५,०५,५५६।० (कन्टेन्जेन्सी र मर्मत कोष कट्टी पछी) बढी भुक्तानी भएको देखिएकोले अन्य यस्तै कार्यमा समेत बढि भुक्तानी भए नएको पालिकाबाटै एकिन गरी निम्न कार्यमा सम्झौता अनुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td>५८९,४७२</td></tr>
</table>

| भौ.नं. | योजनाको नाम | कार्यालयले व्यहोर्नुपर्ने अंश | कार्यसम्पन्न अंक | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५३ | सुनतोला सडक निर्माण | ८०.३% | १२२९०४३.१६ | ९१९०२२.० | ९३१२००.० | १२१७८.० |
| ९७ | धामकुडी मन्दिर सिढी पर्खाल निर्माण | ६७.१२% | ६५६१२८.१२ | ४१००००.० | ४६५६००.० | ५५६००.० |
| १६२ | डुग्रीखान मा.वि. प्लास्टर तथा छाना मर्मत | ७६.३९% | ८७५१३७.० | ६२२५२४.० | ६५१८४०.० | २९३१६.० |
| १७० | केदार आ.वि. भवन निर्माण | ६३.४९% | ६३४८१३.६९ | ३९०९५२.० | ४८५०००.० | ९४०४८.० |
| १९६ | मल्ली डुङ्गा पोखरी निर्माण | ६४.७५% | २४९७३१.० | १५०५७०.० | १८६२४०.० | ३५६७०.० |
| २४४ | डोवा सिँचाइ योजना | ७६.२२% | ३६४०२२.० | २५८३६९.० | २७९३६०.० | २०९९१.० |
| २५५ | सामुदायिक भवन घेरपर्खाल तथा शौचालय निर्माण | ७४.६९% | ६०३४५५.० | ४१९७३३.० | ४६५६००.० | ४५८६७.० |
| २८२ | बलारा सडक निर्माण | ७६.४१% | ७३२३७६.० | ५२१११९.० | ५५८७२०.० | ३७६०१.० |
| २८१ | देवताल सडक निर्माण | ७९.४३% | २९७३६९३.० | २१९९५२७.० | २२६१८८५.० | ६२३५८.० |
| ६२ | वडा कार्यालय पर्खाल निर्माण | ६५.२७% | ११३९५७९.० | ६९२६३०.० | ८०४५५७.० | १११९२७.० |
| | सोमेश्वर मा.वि. मठ चारकोठे भवन निर्माण | ७२.७४ | ३१८३९७७.४६ | २३१६०८४.० | २४०००००.० | ८३९१६.० |
| जम्मा | | | | ८९००५३०.० | ९५०००२०.० | ५८९४७२.० |

७४

**उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा

लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ । यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण लगायतका कार्यहरु निर्माण व्यवसायीबाट गराएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको बील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरी खर्च गर्नुपर्दछ ।

| **क्र.सं.** | **उपभोक्ता समितिको नाम** | **उपभोक्ता समितिसँग भएको सम्झौता अंक श्रमदान बाहेक** | **संलग्न निर्माण व्यवसायीको नाम** | **निर्माण व्यवसायीको बील पेश भएको रकम** |
|---|---|---|---|---|
| १ | सुनतोला सडक निर्माण | १०००००0.0 | शुक्र कमली निर्माण सेवा | १०००००0.0 |
| २ | गणमेश्वर रोडीदेवल तथा देवताल सडक उ.स. | २०००००0.0 | आराध्य इन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | १७६४५९८.0 |
| ३ | रन्तोली सडक विस्तार योजना | १०००००0.0 | महादेव कन्स्ट्रक्सन/रिया सप्लायर्स | ९६४७०५.0 |
| ४ | बालारा सडक निर्माण | ६०००००.0 | आराध्य इन्जिनियरिङ्ग सोलुसन | ५८५९०१.0 |
| ५ | देवताल सडक निर्माण | २४२९०००.0 | शिद्धवावा नागार्जुन निर्माण सेवा | २४२९०००.0 |
| जम्मा | | ७०२९०००.0 | | ६७४४२०४.0 |

७५

**अनुपातिक कट्टि**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) अनुसार उपभोक्ता समितिलाई भुक्तानी दिदा कन्टेन्जिन्सी, ओभरहेड, जनसहभागिताको अंस कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकामा सञ्चालित ग्रामिण जलस्रोत परियोजना अन्तगर्त संचालित देहायका योजनामा सम्पादित कामको भुक्तानीमा उपभोक्ता समितिको घटी अंस कट्टि गरी रु.१३२६२६।७२ बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

१३२,६२६.७

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>योजनाको नाम</td><td>कार्यालयले व्यहोर्नुपर्ने अंश</td><td>कार्यसम्पन्न अंक</td><td>हुनुपर्ने भुक्तानी</td><td>भएको भुक्तानी</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>१</td><td>थापली सुर्तल खानेपानी तथा सरसफाई</td><td>६०%</td><td>१९२०९१६.०</td><td>११५१५८९.०</td><td>११७८५२५.०</td><td>२६९३६.०</td></tr>
<tr><td>२</td><td>पातल बामनिझाल खानेपानी तथा सरसफाई</td><td>५३.९८%</td><td>४७८५८९८.९६</td><td>२५८३३७४.२८</td><td>२६८९०६५.०</td><td>१०५६९०.७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३७३४९६३.२८</td><td>३८६७५९०.०</td><td>१३२६२६.७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>शिशु विकास केन्द्र भवन निर्माण<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले नफैराज शिशु विकास केन्द्र भवन निर्माण योजनामा उपभोक्ता समितिसँग रु.६,०५,७९५।०८ मा सम्पन्न गर्ने गरी सम्झौता गरी कार्य गरेको छ । लागत अनुमान Brick work for wall 1:4 को कार्य ९.७९ घ.मी. रु.२१८६९।८२ का दरले रु.२१४२१०।४६ मा गर्ने उल्लेख भएकोमा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार उक्त कार्य नगरी Stone masonry with mud mortar को कार्य ९.७९ घ.मि. रु.३९९०।९३ का दरले रु.९३३८७।७६ को काम गरेको उल्लेख गरी रकम भुक्तानी भएको छ ।उक्त व्यहोरा अनुसार लागत अनुमान भन्दा फरक कार्य गरेको तथा फरक कार्य गर्दा सम्झौता अनुसार रकम भुक्तानी लिन खन्ने कार्यको परिमाण बढी देखाइ सबै रकम भुक्तानी भएको छ ।<br>सम्झौता अनुसार खन्ने कार्य ८२.९१ घ.मि. को रु.६००८१।३५ हुने उल्लेख भएकोमा कार्य सम्पन्न प्रतिवेदनमा २३६.२४ घ.मी. उल्लेख गरी रु.१७११८३।५८ खर्च भएको देखिन्छ । भवन निर्माणको जमिन खन्ने कार्यमा अत्याधिक रुपमा परिमाण बढाएको देखिएबाट नापी किताब अनुसार नै कार्य भएको भन्न सकिने अवस्था देखिदैन । अतः उक्त भवन निर्माण कार्यको यथार्थता एकिन गरी काम गरेको देखिने फोटोहरु तथा नापी किताब तथा कार्य स्वीकार प्रतिबेदनलगायतका कागजात पेश गर्नुपर्ने रु.</td><td>६०५,७९५</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अधुरो योजनामा पुरा भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागि यथार्थपरक लागत अनुमान तयार गर्ने तथा सोही अनुसारको नाप जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले महाकाली स्वास्थ्य चौकी भवन निर्माण योजनामा लागत अनुमान अनुसार विभिन्न ९ प्रकारका कार्य गर्ने गरी रु.६,०१,१०९।९९ मा सम्झौता गरी कार्य गराएकोमा ५ प्रकारका कार्यमा परिमाण बढी देखाइ रु.६,०१,०१६।४७ को कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ । कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएका ५ कार्यको सम्झौता अनुसार भुक्तानी गर्दा जम्मा रु. ४,३१,३९६।० मात्र हुने देखिन्छ । सम्झौता अनुसारको ४ प्रकारका कार्य नै नगर्ने तर अन्य कार्यमा बढी परिमाण देखाइ सम्झौता अनुसारको भुक्तानी दिएको मनासिब नदेखिएको यस सम्बन्धमा पालिकाबाट यथार्थता एकिन गरी बढी भुक्तानी रकम अशुल गर्नुपर्ने रु.</td><td>१६९,६२०.४७</td></tr>
</table>

७८

**बढी दरमा भुक्तानी**

६३७,५२३.४

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा सम्बन्धित कार्यको स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तल तालिकामा उल्लेखित कार्यका लागि उपभोक्तालाई देहायबमोजिमको भुक्तानी गर्दा ओभरहेड बाहेकको दर अनुसारको रकम मात्र भुक्तानी गर्नुपर्नेमा बढी दरमा भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा पालिकाबाट अन्य कार्यमा समेत यस्तो व्यहोरा अनुसार भुक्तानी भए नभएको एकिन गरी निम्न अनुसार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| **योजनाको नाम** | **कामको विवरण** | **कामको परिमाण** | **हुनुपर्ने दर** | **भएको दर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| गणमेश्वर रोडीदेव सडक मर्मत | नरम माटो खन्ने कार्य | १०९९.५ घ.मी. | ७७.११ | ८८.६८ | १२७२१.२२ |
| | ढुंगा मिसिएको माटो खन्ने कार्य | १०५७.५९ घ.मी. | १०२.८८ | ११८.३१ | १६३१८.६१ |
| | नरम चट्टान खन्ने कार्य | ७४१.०८ घ.मी. | २९६.७५ | ३४१.२६ | ३२९८५.४८ |
| | मध्यम चट्टान खन्ने कार्य | ५२४.१८ घ.मी. | ४५१.२२ | ५१८.९० | ३५४७६.५० |
| | कडा चट्टान खन्ने कार्य | ७०७.७० घ.मी. | १५९२.४५ | १९६३.३२ | २६२४६४.७० |
| जम्मा | | | | | ३५९९६६.५ |
| बलारा सडक निर्माण | नरम माटो खन्ने कार्य | ११६३.२५ | ७७.११ | ८८.६८ | १३४५८.८० |
| | ढुंगा मिसिएको माटो खन्ने कार्य | ९१५.८२ | १०२.८८ | ११८.३१ | १४१३१.१० |
| | नरम चट्टान खन्ने कार्य | ५३३.३४ | २९६.७५ | ३४१.२६ | २३७३८.९६ |
| | मध्यम चट्टान खन्ने कार्य | ३९३.६४ | ४५१.२२ | ५१८.९० | २६६४१.५६ |
| | कडा चट्टान खन्ने कार्य | ६८.५६ | १५९२.४५ | १९६३.३२ | २५४२६.८५ |
| जम्मा | | | | | १०३३९७.२७ |
| रान्तोली सडक निर्माण | नरम माटो खन्ने कार्य | १८५५.७५ | ७७.११ | ८८.६८ | २१४७१.०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ढुंगा मिसिएको माटो खन्ने कार्य | १५१६.८० | १०२.८८ | ११८.३१ | २३४०४.२२ |
| | नरम चट्टान खन्ने कार्य | ८७५.३५ | २९६.७५ | ३४१.२६ | ३८९६१.८३ |
| | मध्यम चट्टान खन्ने कार्य | ६३४.२४ | ४५१.२२ | ५१८.९० | ४२९२५.३६ |
| | कडा चट्टान खन्ने कार्य | १२७.८० | १५९२.४५ | १९६३.३२ | ४७३९७.१९ |
| जम्मा | | | | | १,७४,१५९.६३ |
| कुल जम्मा | | | | | ६३७५२३.४ |

७९

**रकमान्तर गरी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पुंजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । वडाबाट खर्च गर्ने गरी गरेका कार्यक्रमको वडाबाटै रकमान्तर गरेको निर्णय गरेको आधारमा योजना र कार्यक्रम नखुलाई वडाकै निर्णयलाई रकमान्तर गरेको मानी योजना र कार्यक्रम परिवर्तन गरी खर्च गर्ने गरेको छ । यसरी योजना परिवर्तन गर्दा सुरुमा तोकिएको योजना र कार्यक्रमका लागि लागत अनुमान र सम्झौता गरी योजना सञ्चालन गरे पनि रकमान्तरबाट थप भएको बजेटका लागि निम्न योजनाको थप लागत अनुमान नै तयार नगरी नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरी खर्च गर्ने गरेको छ । रकमान्तर गर्दा तोकीएको सीमामा रहि कार्यपालिकाको निर्णयबाट मात्र गर्ने र थप काम गराउँदा लागत अनुमान तयार गरी कार्य संचालन गर्ने व्यबस्था गरी यसञ्चालित योजनामा नै बजेट थप गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । यसका केही उदाहरण निम्न छन्

| सुरु योजना | ल.इ./सम्झौता | रकमान्तर गरीएको योजना | थप रकम | सम्पन्न रकम |
|---|---|---|---|---|
| आरन घर निर्माण फेउली | १९५८५४.३५ | फेउली टोल धारा निर्माण | १५००००.० | ३६३२१२.१२ |
| बैसेक वाखा खोर निर्माण | २६६५९४.० | हल्दु माछा पोखरी निर्माण | १५००००.० | ३१२२६०.० |
| | | जम्मा | ३,००,०००। | ६,७५,४७२।१२ |

८० ४००,०००

**तटवन्ध जाली खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले कालापाट देखि निम्वाखाली सम्म तटवन्ध जाली खरिद योजनाको

| | | | | |
|---|---|---|---|---|
| | | | नापी किताब अनुसार E/W Excavation for foundation कार्य २७.२ घ.मि. कार्य रु.३६४००।२, Dry Stone masonry कार्य २०.५२ घ.मि. को रु.७५०००।०, Dry Stone Masonry With Gabion कार्य ७३ घ.मि. को रु.३११४७२।०२ र Stone Filling In Gabion कार्य २४ घ.मि. को रु.५७२४०।० समेत जम्मा रु.४८०११२।८२ कार्य गरेको उल्लेख गरी उपभोक्ता समितिको अंश कट्टी गरी रु.४०००००।० भुक्तानी गरेको छ । संलग्न विल भर्पाइ अनुसार जम्मा १९ थान ग्याविन मात्र खरिद गरेको उल्लेख गरेकोले खरिद गरेको जालीको क्षेत्रफल अनुसार काम भएको देखिने नापी किताब तथा कार्य स्वीकार प्रतिबेदनलगायतका कागजात रु. | |
| ८१ | | | **सडक सरसफाइ कार्य**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. १० लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु. २० लाख भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एक पटक वा पटक पटक गरी रु.१० लाखभन्दा बढीको खरिद एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थाबाट गर्न नसकिने व्यबस्था छ । पालिकाले यस आर्थिक वर्षमा मात्र निर्माण व्यबसायी र उपभोक्ता समितिबाट समेत काम गरेको भनि सडक सफाइ कार्यमा रु.४८,५८,५६४।० खर्च लेखेको छ । उक्त परीमाण काम गर्दा बिगत बर्षमा भएका काम गरेकै स्थानमा गर्नु परेको हो वा अन्यत्र हो खुलाउने गरेको छैन । यस्तो अबस्थामा गत बर्ष काम गरेको स्थानका कार्यका त्रुटी सुधार गर्नुपर्ने अबधि बहाल रहेकै सडक भए नभएको स्पष्ट छैन । त्यस्तै सडक सफाइ गर्नै परेको भए सडक सफाई गर्नु पुर्ब र पश्चातका फोटोहरु सम्लग्न गरेमा कामको थप बिश्वनीयता बढ्नेमा सो अनुसार गरेको समेत छैन । त्यस्तै पालिकाको आफ्नै एक्जाभेटर र ट्रिपर रहेको र ती साधनका लागि मर्मत खर्च समेत रहेको अवस्थामा सोही साधन प्रयोग गरी केही स्थानमा सडक सफाई गर्न सकिनेमा उक्त साधनहरु प्रयोगमा नदेखिनु मनासिब देखिदैन । यस्ता कार्य गर्दा त्रुटी सुधार अबधि भित्र रहेका सडक खण्डको सडक सफाई गर्नु परेको हो होइन सो खुलाउने, काम सुरु गर्नु पुर्ब र काम सम्पन्न भए पश्चाताका फोटोहरु समाबेश गर्ने र सफाई कार्यमा पालिकाका साधन नै प्रयोग गरी सफाई कार्य गर्न प्राथमिकता दिने एवं निर्माण व्यबसायीबाट गराउनु पर्ने भए प्रतिस्पर्धाको माध्यमबाट बाताबरणमैत्री र सडकको स्तरोन्नति हुने कार्यमा प्राथमिकता दिइने तथा गरेका सबै कार्यको चेनेज खुल्ने स्पष्ट नाप जाँच गरी अभिलेख राखिने सुनिश्चितता गर्नुपर्दछ । | |
| ८२ | | | **एकै कार्य स्थलमा दुई व्यबसायी**<br>एकै कार्य स्थलमा दुई व्यबसायी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सडक मर्मत तथा स्तरोन्नती कार्यक्रममा सडक सफाइ कार्य गर्नको लागि कोटेशन माग गरि प्रतिघण्टाका दरमा डोजर भाडामा लिइ काम गर्ने र सोही अनुसार रकम भुक्तानी गर्ने गरेको छ । यसरी भुक्तानी गर्दा सडकको नाम मात्र उल्लेख गर्ने तर चेनज उल्लेख गर्ने गरेको छैन । कोटेशन विधिबाट कार्य गराउँदा सम्बन्धित निर्माण व्यवसायिसँग सम्झौता नगरी कार्यादेश दिएर काम गराएको छ । उक्त व्यहोरा अनुसार शिवछडी निर्माण सेवालाई २०७८।७।१८ मा कार्यादेश दिई महाकाली डिम्बर सडक सफाई बापत रु.१,३२,२२२।२२ भुक्तानी गरेकोमा सोही सडक सफाई गरेको उल्लेख गरी शिवछडी नागार्जुन निर्माण सेवालाई २०७८।७।१८ मै कार्यादेश दिइ रु.१,००,७४०।७४ भुक्तानी दिएर काम गराएको छ । | १३२,२२२.२२ |

| | | | | |
|---|---|---|---|---|
| | | | सडक सफाइ कार्यको चेनेज नखुलेको र एकै स्थानको कार्यका लागि २ निर्माण व्यावसायिलाई रकम भुक्तानी भएको सम्बन्धमा पालिकाबाट दोहोरो भुक्तानी नभएको सुनिश्चितता सहित काम गरेको स्थान समेत खुल्ने नापी किताब र कार्य स्वीकार प्रतिबेदन पेश हुनुपर्ने रु. | |
| ८३ | | | **डी पि आर तथा परामर्श खर्च**<br>डी पि आर तथा परामर्श खर्च - २७१-३।२५ पालिकाले सौर्य उर्जा प्रवर्द्धनका लागि पञ्चेश्वर गाउँपालिकामा १० मे. वाट सौर्य उर्जा उत्पादनको सम्भाव्यता अध्यायन तयार गर्ने कार्यको लागि इच्छुक प्रस्तावकबाट प्रस्ताव माग प्राप्त प्रस्तावमा उपयुक्त ठहर्याएको इम्वार्क डिजाइनर्स एण्ड डेभलपर्स प्रा.ली. छनौट गरी कुल रु.१० लाख भुक्तानी दिने गरी काम गरेकोमा उक्त कार्य सम्पन्न भएको भनि उक्त फर्मलाई सम्झौता अनुसारको पुरै रकम भुक्तानी दिएको छ । उक्त कार्यको लागत अनुमान तयार नगरेको, कार्य स्वीकार प्रतिबेदन तयार नगरेको तथा प्राप्त सम्भाव्यता अध्ययन प्रतिबेदन जाँचबुझ गरी जिन्सी अभिलेख समेत जनाई राख्नु पर्नेमा पालिकामा सम्भाव्यता प्रतिबेदन नै प्राप्त भएको नदेखिएको यस्तो कार्य मनासिब देखिएन । उक्त कार्य आबश्यक सबै प्रकृया पुरा गरी काम सम्पन्न भएको देखिने कार्य स्वीकार प्रतिबेदन समेत पेश हुनुपर्ने रु. | १,०००,००० |
| ८४ | | | **प्रदेश समपूरक कोष तर्फ**<br>पालिकामा यस आर्थिक वर्षमा प्रदेश समपुरक अनुदानको देवताल सडक निर्माण योजनाको लागी रु.२४,२९,०००।० बजेट प्राप्त भएको छ । उक्त बजेटबाट गरिएका कार्य सम्बन्धमा देखिएका देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन | |
| ८४.१ | | | प्रदेश समपूरक अनुदान कार्यविधि, २०७६ को बुँदा नं.१०(२) अनुसार समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था विपरित समपूरक अनुदान रकम कार्यपालिकाको निर्णय गरी उपभोक्ता समिति मार्फत कार्य गरी रु.२४,२९,०००। खर्च गरेको रकम नियमसम्मत मान्न नसकिएको रु. | २,४२९,००० |
| ८४.२ | | | प्रदेश समपूरक अनुदान कार्यविधि, २०७६ को बुँदा नं.६(१) अनुसार आयोजना वा कार्यक्रमको लागि कुल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपूरक अनुदानमा उपलब्ध गराउने उल्लेख छ । पालिकाले समपूरक अनुदानबाट सञ्चालित देवलात सडक निर्माण कार्यक्रममा रु.२४,२९,०००। खर्च भएकोमा प्रदेश समपूरक कोषबाट रु.१२,१४,५००।० (५०%) र पालिकाबाट रु. १२,१४,५००।० (५०%) भुक्तानी गर्नुपर्नेमा सबै रकम प्रदेश समपूरक अनुदानबाट भएकोले प्रदेश सरकारको बढी अनुदान भुक्तानी रकम रु. १२,१४,५००।० मनासिब देखिएन । | |
| ८५ | | | **उपभोक्ता समिति मार्फत खरिद** | |
| ८५.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ८५.२ | | | **लागत सहभागिता** ‘पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ८५.३ | | | **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपनें व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| ८५.४ | | | **रोयल्टी भुक्तानीको प्रमाण —** उपभोक्ता समितिहरुले बिभिन्न कार्य गर्दा बालुवा लगायत नदीजन्य पदार्थ प्रयोग गरेको देखाए पनि सबै उपभोक्ताले त्यस्ता पदार्थ प्रयोग गर्दा पालिकाले ठेक्कापट्टा गरेका निर्माण व्यबसायीलाई रोयल्टी भुक्तानी गरेको प्रमाण लिने गरेको देखिएन ।यस्तो अबस्था समितिमार्फत प्रयोग गरेको देखाएको नदीजन्य पदार्थ कानुनी रुपमा प्रकृया पुरा गरी संकलन गरी प्रयोग गरेको हुने सम्भाबना समेत रहने हुँदा नदीजन्य पदार्थ प्रयोग गर्दा रोयल्टी भुक्तानी गरेको प्रमाण समेत लिने व्यबस्था हुनुपर्दछ । | |
| ८५.५ | | | **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ८५.६ | | | **थप प्रमाण नभएको -** उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण प्रमाण पेश गरेको देखिदैन । यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक | |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । | |
| ८६ | | | **लाभग्राहीको विवरण अध्यावधिक नभएको**<br>लाभग्राहीको विवरण अध्यावधिक नभएको — सामाजिक सुरक्षा नियमावली, २०७७ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण अद्यावधिक गरिराखेको पाईएन। नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८७ | | | **केवाइ सी अद्यावधिक नभएको**<br>सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ८८ | | | **निष्क्रिय खाताको विवरण नभएको**<br>निष्क्रिय खाताको विवरण नभएको - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंकमा मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ८९ | | | **दोहोरो सामाजिक सुरक्षा**<br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत तिन बैंकबाट जम्मा रु. ९,४१,०५,४७०।० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:-<br>आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली २०७७ नियम ३९ अनुसार रित पुने नपुगेको चेक गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाका विभिन्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीलाइ दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु. ४४४९८।- | ४४,४९८ |

| क्र.स. | सामाजिक सुरक्षाको प्रकार | लाभग्राहीको नाम | जन्ममिति | आइडी नम्बर | किस्ता रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा नं. १ | | | | |
| १ | बालपोषण क्षेत्र | आदित्य चन्द | २०७५/८/२२ | १०००२५१ | १५९६*४=६३८४ |
| २ | बालपोषण क्षेत्र | कुलदिप चन्द | २०७६/४/१९ | १००००२५ | १५९६*४=६३८४ |
| ३ | बालपोषण क्षेत्र | सुर्मा घटाल | २०७३/११/२५ | १००००२६३ | १५९६*३=४७८० |
| | वडा नं. २ | | | | |
| ४ | बालपोषण क्षेत्र | अनमिका चन्द | २०७६/२/४ | १३९ | १५९६*४=६३८४ |
| ५ | बालपोषण क्षेत्र | प्रकृति मंगोला | २०७३/९/१२ | १००००५२ | १५९६+१२७७=२८७३ |
| | वडा नं. ४ | | | | |
| ६ | बालपोषण क्षेत्र | गिरीश चन्द | २०७७/०३/२६ | १०८५७ | १५९६*४=६३८४ |
| ७ | बालपोषण क्षेत्र | बिमल सार्की | २०७४/२/८ | १००९४ | १५९६*३+६६९=५४५७ |
| | वडा नं. ५ | | | | |
| ८ | बालपोषण क्षेत्र | लक्ष्मण चन्द | २०७५/०९/०५ | १०००१६ | १५९६*३+१०६४=५८५२ |
| | | | | जम्मा | ४४४९८।०० |

९०

**वैदेशिक भ्रमण '**

दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा गएको देखिन्छ ।

| **सि.नं.** | **बैदेशिक भ्रमणमा जानेको पद र नाम** | **भ्रमण गरेको देश** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | अध्यक्ष श्री गोरख बहादुर चन्द | जर्मनी | भुक्तानी दिन बाँकी रहेको उल्लेख गरेको |

<table>
<tr><td></td><td></td><td></td><td>यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा -<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५३४००००।० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडाअध्यक्ष६ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य.१८ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>६६०००</td><td>५५०००</td><td>२४५०००</td><td>२१६०००</td><td>४३२०००</td><td>१०१४०००</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका,ईन्टरनेट</td><td>५५०००</td><td>४९५००</td><td>२८००००</td><td>२१६०००</td><td>४३२०००</td><td>१०३२५००</td></tr>
<tr><td>५</td><td>समन्वयतथासहजीकरण</td><td>९९०००</td><td>७७०००</td><td>४२००००</td><td>३६००००</td><td>६४८०००</td><td>१६०४०००</td></tr>
<tr><td>६</td><td>अतिथिसत्कार</td><td>११००००</td><td>९९०००</td><td>४९००००</td><td>०</td><td>०</td><td>६९९०००</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>३८५००</td><td>३३०००</td><td>१४००००</td><td>१४४०००</td><td>२१६०००</td><td>५७१५००</td></tr>
<tr><td>८</td><td>चाडपर्वखर्च</td><td>३३५००</td><td>२८५००</td><td>१३५०००</td><td>७८०००</td><td>१४४०००</td><td>४१९०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०२०००</td><td>३४२०००</td><td>१७१००००</td><td>१०१४०००</td><td>१८७२०००</td><td>५३४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>९२</td><td>७</td><td>२०७८-५-९</td><td>मू .अ कर भुक्तानी -<br>सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको सघं सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन</td><td>३४,४७९</td></tr>
</table>

आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले गत वर्षको भुक्तानी बाँकी शिर्षक बाट एकता क्रिएसन मिडिया प्रा लि र स्टार मिडिया नेटवर्क प्रा ली लाई भुक्तानि गर्दा नियम अनुसार कट्टि गर्नु पर्ने मुल्य अभिवृद्धि कर वापतको रकम कट्टि गरी दाखिला गरेको नदेखिएकोले तपशिल बमोजिमका प्रा ली को उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा सम्वन्धित सप्लायर्स बाट असुल उपर गर्नु पर्ने रु

| क्र स | नाम | मुल्य अभिवृद्धिकर रकम | मुल्य अभिवृद्धि रकम ३० प्रतिशत |
|---|---|---|---|
| १ | एकता क्रिएसन मिडिया प्रा लि | ५७४६५। | १७२३९.५। |
| २ | र स्टार मिडिया नेटवर्क प्रा ली | ५७४६५। | १७२३९.५। |
| जम्मा | | | ३४,४७९। |

९३

**पारिश्रमिक कर -** ५२,५१७

आयकर नियमावली २०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मासिक अग्रिम रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन २०५८ को अनुसुचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा यस पालिकाले निम्न व्यक्तीको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि नगरेको देखिएकोले नियमानुसार तपशिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु

| क्र.स | नाम | बार्षिक तलव भत्ता | जम्मा कट्टि | करयोग्य आय | कट्टि गर्न बाँकी कर रकम |
|---|---|---|---|---|---|
| १ | पदम बहादुर चन्द | ७९३४२६ | ९११७६ | ७०२२५० | ४०४५० |
| २ | धर्मानन्द भट्ट | ५१०४३२ | ० | ५१०४३२ | ६०४३ |
| ३ | रमेश बहादुर बोहरा | ४६५००० | ० | ४६५००० | १५०६ |
| ४ | धर्म सिंह ऐर | ४६५००० | ० | ४६५००० | १५०६ |
| ५ | दल बहादुर साउद | ४६५००० | ० | ४६५००० | १५०६ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>उद्धव सिंह धामी</td><td>४६५०००</td><td>०</td><td>४६५०००</td><td>१५०६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>५२५१७।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९४</td><td>६</td><td>२०७८-५-९</td><td>चामल वितरण -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले गत आ. व को शिर्षक अन्तर्गत दलित लक्षित कार्यकम अन्तर्गत रघुविर ट्रेडस एण्ड सप्लायर्सबाट ४४४ प्याक (१ प्याकको रु १३५१.३६)१३,३२० के. जी चामल रु ६,००,०००।मा खरिद गरी भुक्तानी गरेकोमा पेश हुन आएको पञ्चेश्वर नवजागरण समाजको वितरण भर्पाई अनुसार ३७९ जनालाई २५ के. जी का दरले ९,४७५ के जी मात्र वितरण गरेको खुल्न आँउछ । खरिद गरेको चामल मध्ये ३,८४५ के जी चामल मौज्दात नदेखिएको र वितरण भरर्पाई पनि नदेखीएकोले यस सम्वन्धमा यथार्थता एकिन गरी प्रमाण पेश हुनुपर्ने रु</td><td>१७३,१९८</td></tr>
<tr><td>९५</td><td>९</td><td>२०७८-९-२१</td><td>बिउ विजन वितरण —<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ (क) मा आवश्यकतको पहिचान गरी खरिद कार्वाही तयारी गर्नु पर्ने र सोही बमोजिम खरिद गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले युनाईटेड सिड्स ईण्टरनेशनल बाट रु ४,००,०००।मा बिउ विजन खरिद गरी दाखिला गरेको देखिन्छ । पालिकाले कृषकको आवश्यकता अनुसार माग संकलन गरी कृषक छनोट गरिसकेपछी बिउ विजन खरिद गर्ने र वितरण गर्नुपर्नेमा पालिकाले बिउ विजन खरिद गरेको मात्र देखिएको र मौज्दात पनी नरहेकोले उक्त सामानको अवस्था एकिन गरी प्रमाण पेश हुनुपर्ने रु</td><td>४००,०००</td></tr>
<tr><td>९६</td><td>१४</td><td>२०७९-३-२५</td><td>शिक्षा अनुदान-<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (१०)अनुसार जिम्मेवारव्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेखु पर्दछ ।यस पालिकाले तपशिल बमोजिमका विद्यालयहरुलाई निवेदन मात्र संलग्न राखी विद्यालयको खातामा रकम निकासा गरेको हुँदा रकम उपलब्ध गराउनुको प्रयोजन सहित खर्च खुल्ने प्रष्ट प्रमाण पेश गर्ने रु
<table>
<tr><td>क्र स</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>सरस्वती शिशु मन्दिर</td><td>५५०००</td></tr>
<tr><td>२</td><td>कुलाउ नवप्रभात क्याम्पस</td><td>१००००००</td></tr>
<tr><td>३</td><td>नागार्जुन माध्यामिक विद्यालय</td><td>५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५,५५,०००।</td></tr>
</table>
</td><td>१,५५५,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ९७ | ४७ | २०७८-६-१७ | **बोडिङ्ग पास नरहेको -**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ।श्री पुनम भट्टको मिति २०७८ साल भाद्र १४ गते देखि २१ गते सम्मको धनगढि देखि काठमाँडौ जाँदाको रु ४५००। र नारायण प्रसाद उपाध्यायको मिति २०७८ साल भाद्र ९ गते देखि १५ गते सम्मको धनगढि देखि काठमाँडौ जाँदाको रु ४५००।को हवाई टिकट पेश भएपनि बोडिङ्ग पास संलग्न नराखि भुक्तानि गरेकोले बोडिङ्ग पास पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने ।रु | ९,००० |
| ९८ | | | **कर्मचारी स्तरवृद्धि**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था उपदफा १ को अधीनमा रहि स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । संघीय सरकारले हालसम्म पनि संघीय निजामति सेवा ऐन गठन गरि नसकेको अवस्थामा पालिकाले कानून नै निर्माण नगरी गाउँसभाको मिति २०७८ माघ ७ को बैठकले ३ जना प्राविधिक सहायक चौथो र ३ जना कार्यालय सहयोगी गरी ६ जनालाई प्रदेश लोकसेवाको सहमतिसमेत नलिई एक तह स्तरवृद्धी गर्ने निर्णय गरेको छ । संघीय निजामित सेवा ऐन नबनिसकेको तथा पालिकाले पनि कानून निर्माण नगरी लोकसेवा आयोगको सहमती बेगर कर्मचारीको स्तरवृद्धि गर्नु मनासिब देखिदैन । | |
| ९९ | १५८ | २०७९-३-९ | **आर्थिक सहायता**<br>आर्थिक सहायता - उपाध्याक्ष श्री विना भट्टमार्फत ६ जनालाई नागरिकताको प्रतिलिपि संलग्न राखि ब्लाङ्केट, सुइटर, पाइन्ट, चामल लगाएतका सामाग्री वितरण गरेको भर्पाइको आधारमा रु.५१०००।० खर्च लेखेको छ । उक्त सहायता बितरण गर्दा वितरणको प्रयोजन तथा सहायता प्राप्त गर्ने व्यक्ति सो प्रयोजनको लागि योग्य थिए थिएनन् सो खुल्ने कुनै प्रमाण कागजात संलग्न रहेको पाइएन । प्रयोजन र आधार नै नखुलाई आर्थिक सहायत दिने प्रयोजनलाई व्यबस्था गरेको बजेट शिर्षक बाहेकबाट आर्थिक सहायता वितरण गर्नु मनासिव नदेखिएको रु. | ५१,००० |
| १०० | | | सचेतनामुलक महोत्सव संचालन<br>पालिकाले यस आर्थिक वर्षमा मिलान कोष शिर्षकबाट मर्यादित महिनावारी व्यवस्थापनका लागि सचेतनामुलक महोत्सब संचालनको लागि पदम बहादुर चन्दलाई रु.४,९८,८४०। भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| १००.१ | | | कुनै पनि सामाग्री बहालमा लिइ रकम भुक्तानी गर्दा १० प्रतिशतका दरले बहाल करकट्टी गरी भुक्तानी गर्नुपर्दछ । पालिका महोत्सव सञ्चालनको लागि गाडी भाडामा रु.१०२०००।०, साउण्ड सिस्टम भाडामा रु.३००००।० र जेनेरेटर भाडामा रु.१२०००।० समेत रु.१४४०००।० भाडामा लिइ रकम भुक्तानी गरेकोमा भुक्तानी रकमको १० प्रतिशत अर्थात रु.१४४००।० कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु.१०२००।० मात्र कट्टी गरी गरी भुक्तानी गरेकोले कम कट्टी रकम रु.४२००।० असुल गरि दाखिला गर्नुपर्ने रु. | ४,२०० |

<table>
<tr><td>१००.<br>२</td><td></td><td></td><td>आय कर ऐन अनुसार कुनै पनि सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत करकट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मर्यादित महिनावारी व्यवस्थापनका लागि सचेतनामुलक कार्यक्रमा आफ्नो प्रस्तुति दिए वापत देहायबमोजिमका व्यक्तिलाई भत्ता बापत रु.८०,०००। भुक्तानी गरेकोमा १५ प्रतिशत करकट्टी नगरी भुक्तानी गरेकोले कर वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>भुक्तानी रकम</th><th>१५ प्रतिशतले हुने रकम</th></tr>
<tr><td>१</td><td>बरिष्ठ देउडा गायक श्री महेश औजी</td><td>३००००.०</td><td>४५००.०</td></tr>
<tr><td>२</td><td>गायक श्री मनोहर ओजी</td><td>२५०००.०</td><td>३७५०.०</td></tr>
<tr><td>३</td><td>बाजा व्यवस्थापक श्री मुकेश औजी</td><td>२५०००.०</td><td>३७५०.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८००००.०</td><td>१२०००.०</td></tr>
</table></td><td>१२,०००</td></tr>
<tr><td>१००.<br>३</td><td></td><td></td><td>कार्यक्रमको लागि साउण्ड सिस्टम भाडामा लिएको भनि एकै फर्मको एकै मितिको विजकबाट २ पटक साउण्ड सिस्टम भाडामा लिएको उल्लेख गरी प्रथम विलबाट रु.२००००।० र दोस्रो विलबाट रु.१००००।० गरि रु.३००००।० भुक्तानी भएको देखिन्छ । एकै संस्थाबाट एकै मितिमा २ वटा साउण्ड सिस्टम भाडामा लिएको दुई विजक अनुसार २ वटा साउण्ड सिस्टम भाडामा लिएको कारण नखुलेको हुँदा एउटा विजक अनुसारको भाडा खर्च रकम मनासिब नदेखिएको रु.</td><td>१०,०००</td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>दुर्घटना रकम भुक्तानी<br>गाउँ कार्यपालिकाको मिति २०७८।९।९ को निर्णयअनुसार पुष ६ गते धनगढी मर्मत गर्न गएको यस गाउँपालिकाको एम्बुलेन्स सडक दुर्घटनामा पर्दा घाइते मोटरसाइकल चालक निर्मल सि.के.को उपचार खर्च भुक्तानी गर्ने निर्णय भएको छ ।उक्त निर्णयमा भुक्तानी गर्ने रकम उल्लेख नभएको भुक्तानी दिएको बजेट शिर्षक खुलाएको छैन । उक्त दुर्घटना कसको कारणले भएको एकिन नभएको तथा एम्बुलेन्स चालक तथा मोटर साइकल चालकसंग उक्त सवारी चलाउने अनुमती पत्र भए नभएको एकिन नभएको, दुर्घटना बापत बिमा दाबी भए नभएको एकिन नभएको तथा भुक्तानीको भौचर तथा शिर्षक समेत स्पष्ट नभएको र घाइते व्यक्तिले रकम प्राप्त गरे नगरेको एकिन हुन सकिएन । यस सम्बन्धमा यथार्थ प्रमाण कागजात पेश हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>स्थानीय तहको राजपत्र<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्ने तथा यसरी बनाएको ऐन कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने व्यवस्था छ । पालिकाले हालसम्म २१ कानून निर्माण गरी किताबको मुखपृष्ठमा राजपत्रमा प्रकासन भएको मिति उल्लेख भए पनि कुनै पनि कानून राजपत्रमा प्रकाशन गरेको देखिएन । अत ऐनले तोकेको प्रक्रिया पुरा गरी कानुन निर्माण गर्ने तथा राजपत्रमा प्रशासन गरेर मात्र कार्यान्वयनमा ल्याउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><td>१०३</td><td>५</td><td>२०७८-५-९</td><td>वृत चित्र निर्माण -<br>गो भौ नं ५ मिति २०७८/०५/९ घनघस्या मिडिया प्रा लि र पञ्चेश्वर गाँउपालिकाको मिति २०७७/०८/२८ को सम्झौता अनुसार श्रव्य दृष्य सहितको वृत चित्र तयार गरी डिभिडि र पेन ड्राईभ उपलब्ध गराउनु पर्ने उल्लेख छ। यस पालिकाले गत आ व को भुक्तानी बाँकी शिर्षक बाट घनघस्या मिडियालाई भुक्तानी दिँदा निवेदन सँग स्कृप्ट मात्र संलग्न राखि भुक्तानी दिएको पाईयो । सम्झौता बमोजिम श्रव्य दृष्य सहितको वृत चित्र तयार गरेको खुल्ने डिभिडि र पेन ड्राईभ लगायत अन्य कुनै आधार नदेखिएकोले उक्त खर्च मनासिव देखिएन रु</td><td>४१९,९००</td></tr>
<tr><td>१०४</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।<br><table><tr><th>गत वर्षसम्मको बेरुजु (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B)</th><th>गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)</th></tr><tr><td>१४९९३७</td><td>०</td><td>१४९९३७</td></tr></table>यस वर्ष पालिकाले रू २८५७६२७० फस्यौंट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा सम्परीक्षण सम्बन्धी व्यहोरा पछि जानकारी गराइने छ ।</td><td></td></tr>
</table>